# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ६९ | काठमाडौं | बुधबार, १७ असार २०८३ | Prabhab National Daily | Wednesday, 1 July 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# रास्वपामा कानुनी विवाददेखि शक्ति संघर्षसम्म

- ३३ प्रतिशत प्रतिनिधिबाट मात्र रास्वपाका पदाधिकारी निर्वाचित
- ३५ हजार बाल सदस्यता भएपछि महाधिवेशनको वैधतामाथि उठ्यो कानुनी प्रश्न
- निर्वाचित सांसद सोम शर्माको नाम हटाइएपछि नयाँ विवाद
- महाधिवेशनपछि चर्कियो रवि–वालेन्द्र शक्ति संघर्ष
- इ-पासपोर्ट ठेक्का विवादले सरकारभित्रै खटपट

■ **जेबी योञ्जन**




**काठमाडौं–** सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को पहिलो महाधिवेशन सम्पन्न भएको केही दिनमै विवादमा परेको छ । महाधिवेशनपछि कानुनी, राजनीतिक र संगठनात्मक प्रश्न एकैसाथ उठेका छन् । पार्टीले भने महाधिवेशनलाई ऐतिहासिक उपलब्धि भनेको छ । तर, विधि, प्रक्रिया र वैधतामाथि बहस सुरु भएको छ ।

चितवनमा यही असारको ७ देखि १२ गतेसम्म महाधिवेशन भएको थियो । महाधिवेशनबाट सभापति रवि लामिछाने सर्वसम्मत चयन भएका थिए । अन्य पदाधिकारी भने निर्वाचनबाट चयन भए । निर्वाचन समितिको विवरणअनुसार प्रारम्भिक बन्दसत्रमा तीन हजार ८८९ प्रतिनिधि सहभागी थिए ।

तर, पदाधिकारी चयनका लागि भएको मतदानमा एक हजार २८९ जनालेमात्र मत हाले । यो कूल प्रतिनिधिको करिब ३३ प्रतिशत हो । करिब ६७ प्रतिशत प्रतिनिधि मतदान प्रक्रियामा सहभागी भएनन् । यसले निर्वाचित पदाधिकारीको राजनीतिक वैधतामाथि प्रश्न उठाएको छ ।

### शपथ आज

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को पहिलो महाधिवेशनबाट निर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यहरूको शपथ ग्रहण कार्यक्रम आज हुँदै छ । पार्टीका अनुसार बिहान ११ बजे वनस्थलीस्थित केन्द्रीय कार्यालयमा नवनिर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यहरूलाई शपथ गराइने छ । शपथ ग्रहणसँगै नयाँ केन्द्रीय समितिले औपचारिकरूपमा जिम्मेवारी सम्हाल्ने छ ।

रास्वपाको पहिलो महाधिवेशन असार ७ गते चितवनमा सुरु भएको थियो । तीन दिनमै सम्पन्न गर्ने कार्यतालिका रहे पनि सहमतिको प्रयास र निर्वाचन प्रक्रिया लम्बिँदा महाधिवेशन छ दिनसम्म चलेको थियो ।

महाधिवेशनबाट सभापतिमा लामिछाने सर्वसम्मत चयन भए भने अन्य पदाधिकारी र केन्द्रीय सदस्य निर्वाचनमार्फत चयन भएका थिए । निर्वाचनबाट ९९ जना केन्द्रीय सदस्य निर्वाचित भएका छन् ।

केही कानुनविद्ले प्राविधिक र राजनीतिक वैधता फरक विषय भएको बताएका छन् । 'निर्वाचन कानुनीरूपमा सम्पन्न भए पनि अत्यन्त न्यून सहभागिताले राजनीतिक वैधतामाथि बहस हुन सक्छ,' वरिष्ठ अधिवक्ता महेश पौडेल बताउँछन् ।

महाधिवेशनपछि अर्को विवाद सदस्यतासम्बन्धी देखिएको छ । निवर्तमान महामन्त्री कविन्द्र बुर्लाकोटीको सांगठनिक प्रतिवेदनले १८ वर्षमुनिका ३५ हजार २५७ सदस्य रहेको जनाएको थियो । यही सदस्यताका आधारमा प्रतिनिधि चयन गरिएको दाबी गरिएको छ । ती प्रतिनिधिले नै केन्द्रीय नेतृत्व चयन गरेका थिए । यही विषयले कानुनी प्रश्न जन्माएको हो ।

जबकि, राजनीतिक दलसम्बन्धी ऐनले १८ वर्ष पुगेका नागरिकलाई मात्र सदस्य बन्न योग्य मानेको छ । बालबालिकासम्बन्धी ऐनले पनि राजनीतिक प्रयोजनका लागि बालबालिकाको प्रयोग गर्न निषेध गरेको छ । वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले यो विषय गम्भीर भएको बताएका छन् । उनले भने, '१८ वर्ष नपुगेका व्यक्तिलाई सदस्य बनाएर संगठन निर्माण गरिएको हो भने त्यसबाट बनेको संरचनाको वैधानिकतामाथि प्रश्न उठ्न सक्छ ।'

क्रमशः पृष्ठ २ मा

# नयाँ मुख्यसचिव खोज्दै सरकार

## आफूनिकटलाई बनाउने प्रतिस्पर्धामा रवि-वालेन्द्र

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** मुख्यसचिव सुमनराज अर्याल उमेर हदका कारण अबको १० दिनपछि अर्थात् असार २७ गते अनिवार्य अवकाशमा जाँदै छन् । अर्यालले बिदा लिनुअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को शक्तिशाली सरकारभित्र अब कसलाई मुख्यसचिव बनाउने ? भन्ने विषयमा रडाको सुरू भएको छ ।

सत्तारुढ दलका सभापति रवि लामिछाने र प्रधानमन्त्रीसमेत रहेका वरिष्ठ नेता वालेन्द्र शाह दुवै जना ३०औं मुख्यसचिवका रूपमा आफ्नो 'एस म्यान' खोजिरहेको बताइएको छ । यसअघिका सरकारले वरीयताका आधारमा पहिलो नम्बरमा रहेका सचिवलाई मुख्यसचिव बनाउँदै आएकोमा यो पटक क्रमभंगता गर्ने तयारी गरिएको प्रधानमन्त्री कार्यालय स्रोतको भनाइ छ ।

प्रधानमन्त्री शाहले आफ्नो सचिवालयलाई नयाँ मुख्यसचिव बनाउन लायक पात्र खोज्न खटाइसकेको सचिवालयका एक सदस्यले बताए । वरीयताक्रममा अहिले किरणराज शर्मा शीर्ष स्थानमा छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेका शर्माको अवकाश पनि चाँडै हुने भएकोले उनलाई मुख्यसचिव नबनाउन प्रधानमन्त्री शाह र रास्वपा सभापति लामिछाने दुवै सहमत देखिन्छन् ।

मुख्यसचिवको प्रतिस्पर्धीमा शर्मासँगै र डा. गोविन्दबहादुर कार्की, अर्थसचिव घनश्याम उपाध्याय, गृहसचिव राजकुमार श्रेष्ठ, पूर्वाधारसचिव गोपालप्रसाद सिग्देल, उद्योगसचिव कृष्णबहादुर राउत, पर्यटनसचिव मुकुन्दप्रसाद निरौलादेखि लोकसेवा आयोगका सचिव रामेश्वर दंगालसम्म रहेका छन् । वरिष्ठताका आधारमा मुख्यसचिवको नियुक्ति गरियो भने शर्मा २०८४ कात्तिक अन्तिमसम्म पदमा रहने छन्, तर उनी मुख्यसचिव नभए पाँच वर्ष सेवा अवधिका कारण साउन ४ गते अनिवार्य अवकाशमा जाने छन् ।

वरीयताक्रममा शीर्ष तहमा रहेका सचिवहरूले प्रधानमन्त्री शाहको सचिवालयबाट मनोमानी भएको भन्दै मुख्यसचिव बन्ने इच्छासमेत नदेखाएको दाबी एक सचिवले गरे । 'अहिले सबै सचिवालयले हेर्छ । एस म्यानको खोजीमा सचिवालय खटिरहेको हामीले जानकारी पाएका छौं । के हुँदै छ, कसले के गर्दै छ, केही थाहा हुँदैन,' एक सचिवले प्रभावसँग भने ।

### वालेन्द्रको जोड राजकुमारलाई

मुख्यसचिवका लागि प्रधानमन्त्री शाहको पहिलो प्राथमिकतामा गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठ रहेको स्रोतको भनाइ छ । २०७८ भदौ १६ मा सचिवमा बढुवा भएका उनी गोरखाका हुन् । गृहमन्त्री सुधन गुरुङकै जिल्लाबासी भएकोले उनलाई तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्यालको पालामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गृह मन्त्रालयको सचिवमा सरुवा गरिएको थियो । श्रेष्ठ मुख्यसचिवका दाबेदार रविलाल पन्थ र रामेश्वर दंगालभन्दा पहिले सचिवमा बढुवा भएका हुन् ।

गत पुस १४ गते उनी गृहमा सचिवमा सरुवा भएका थिए । त्यतिबेला पनि सुधनको दबावमा उनलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गृह सरुवा गरिएको बताइएको थियो । त्यसपछि प्रधानमन्त्री शाहको सचिवालयले रविलाल पन्थ र कृष्णबहादुर राउतलाई पनि प्राथमिकतामा राखेको बताइएको छ । रविलाल २०७८ असोज १९ गते सचिवमा बढुवा भएका थिए भने कृष्णबहादुर राउत २०७८ पुस २१ मा । राउत ललिता निवास प्रकरणमा २०८० तेस्रो हप्ता पक्राउ परेका थिए । सर्वोच्च अदालतले २०८० साउनको ५ गते उनलाई थुनामुक्त गर्न आदेश दिएको थियो ।

> - असार २७ गते अनिवार्य अवकाशमा जाँदै मुख्यसचिव सुमनराज अर्याल
> - सत्तारूढ दल रास्वपाका सभापति रवि लामिछाने र प्रधानमन्त्रीसमेत रहेका वरिष्ठ नेता वालेन्द्र शाह दुवै जना ३०औं मुख्यसचिवका रूपमा आफ्नो 'एस म्यान' खोज्दै
> - वालेन्द्रले गृहसचिव राजकुमार श्रेष्ठदेखि नयाँ सचिवहरूलाई रोज्दा लामिछानेको प्राथमिकतामा अर्थसचिव घनश्याम उपाध्याय

मुख्यसचिवको प्रतिस्पर्धामा रहेका रामेश्वर दंगाल २०७८ माघ १८ गते सचिवमा बढुवा भएका हुन् । दंगाल अर्थ मन्त्रालयमा कार्यरत थिए । यसअघि उनले आन्तरिक राजस्व कार्यालय, भन्सार विभाग र अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा सहसचिवका रूपमा काम गरेका थिए । यता मुकुन्दप्रसाद निरौला भने २०७८ फागुन ५ मा सचिवमा बढुवा भएका हुन् ।

### रविको रोजाइमा घनश्याम

रास्वपा स्रोतका अनुसार मुख्यसचिवमा सभापति लामिछानेको पहिलो रोजाइमा अर्थसचिव घनश्याम उपाध्याय रहेका छन् । २०८० असार १९ गते सचिवमा बढुवा भएका उपाध्याय २०५४ सालमा नायब सुब्बाबाट निजामती सेवामा प्रवेश गरेका हुन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगार ऐन संशोधन विधेयकको मस्यौदा तयार

## सात दिनभित्र सुझाव पेस गर्न सरोकारवालालाई श्रम मन्त्रालयको आग्रह

- इजाजतवाला संस्था (म्यानपावर कम्पनी)ले श्रमिक छनोट नभइकन राहदानी संकलन गर्न नपाउने
- वैदेशिक रोजगारीमा श्रमिक पठाउँदा लाग्ने सेवा शुल्क रोजगारदाताले नदिने अवस्था भएमात्र श्रमिकसँग लिनुपर्ने,
- सेवा शुल्क नेपाल सरकारले तोकेभन्दा बढी लिएमा कारबाही
- एक वर्षभन्दा कम अवधिको करारमा वैदेशिक रोजगारीमा पठाउँदा श्रमिकसँग सेवा शुल्क लिन नपाइने
- वैदेशिक रोजगार कल्याणकारी कोषको व्यवस्था
- म्यानपावर कम्पनीहरूलाई एकआपसमा गाभिन प्रोत्साहन
- वैदेशिक रोजगार ऐनको प्रस्तावनाबाट हटाइयो 'व्यवसाय प्रवर्द्धन' शब्द
- 'कामदार', 'पुनः श्रम स्वीकृति', 'प्रवर्द्धन खर्च' जस्ता शब्द पनि हटाइने




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन 'वैदेशिक रोजगार ऐन, २०६४ (तेस्रो संशोधन) विधेयक' को मस्यौदा तयार पारेको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयले मंगलबार मस्यौदा सार्वजनिक गर्दै यसलाई अन्तिम रूप दिनका लागि सरोकारवालासँग सुझाव माग गरेको छ । मन्त्रालयले सात दिनभित्र मन्त्रालयको इमेलमार्फत सुझाव पठाउन आग्रह गरेको छ ।

मन्त्रालयले तयार पारेको मस्यौदामा वैदेशिक ऐनको प्रस्तावनासमेत संशोधन गरिएको छ । जसमा मूल ऐनमा रहेको 'वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन' भन्ने शब्दावली हटाउने प्रस्ताव गरिएको छ । यसअघि मूल ऐनको प्रस्तावनामा रहेको 'वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्दै सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यववसायीको हक हितको संरक्षण' भन्ने शब्दहरूको सट्टा मस्यौदामा 'वैदेशिक रोजगारमा जाने श्रमिकको हकहितको संरक्षण गर्न, वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन एवं वैदेशिक रोजगार व्यवसायी तथा अन्य सम्बन्धित सेवा प्रदाकहरूको नियमन तथा व्यवस्थापन' भन्ने शब्दहरू राखिएको छ ।

मूल ऐनमा रहेको 'कामदार' शब्दको सट्टा मस्यौदामा 'श्रमिक' शब्द राखिएको छ । श्रमिकको परिभाषासमेत परिमार्जन गर्दै 'वैदेशिक रोजगारका लागि छनोट भई वैदेशिक रोजगार अनुमति लिई विदेशमा जाने नेपाल नागरिक' उल्लेख गरिएको छ । यस्तै, सेवा शुल्कको परिभाषामा 'वैदेशिक रोजगार व्यवसायीले श्रमिक विदेश पठाउँदा गन्तव्य मुलुकमा श्रमिकको व्यवस्थापन गरेबापत रोजगारदाता संस्थाबाट वा श्रमिकबाट लिने रकम' राख्ने प्रस्ताव गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

### श्रममन्त्रीले घोषणा गरे 'अपरेसन इलिगल एजेण्ट क्लिन-अप' अभियान

**काठमाडौं–** युवा, श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगारीको क्षेत्रमा रहेका बेथिति अन्त्य गर्न र श्रमिकहरूलाई सहज सेवा उपलब्ध गराउन दुईवटा महत्त्वपूर्ण सुधारका पहलहरू घोषणा गरेको छ । श्रममन्त्री रामजी यादवले मंगलबार 'अपरेसन इलिगल एजेण्ट क्लिन-अप' र स्थानीय तहबाटै श्रम स्वीकृतिको सहजीकरण गर्ने कार्य देशभरका ७५३ वटै स्थानीय तहका रोजगार संयोजक र आप्रवासन स्रोत केन्द्रका 'काउन्सेलर'हरूसँग 'भर्चुअल' अन्तरक्रिया गर्दै शुभारम्भ गरेका हुन् । मन्त्री यादव भने, 'कानुनले एजेण्टहरूलाई मान्यता दिएको छैन, तर व्यवहारमा उनीहरू अघोषितरूपमा सक्रिय भएका कारण यो अभियान प्रभावकारीरूपमा सुरु गरिएको हो ।'

वि.सं. २०५६ सालदेखि परेका उजुरीहरूको विश्लेषण गर्दा अधिकांश समस्या गैरकानुनी एजेण्टहरूसँग सम्बन्धित देखिएकाले सरकारले उनीहरूलाई पहिचान र कारबाही गरी पारदर्शी सेवा प्रवाह गर्ने लक्ष्य लिएको छ ।

यसका लागि सरकारले एक विशेष 'अनलाइन वेबसाइट' र 'मोबाइल एप' तयार गरेको छ । यस प्रणालीमार्फत कामदारलाई ठग्ने वा प्रलोभन देखाउने व्यक्ति र समूहविरुद्ध विवरण संकलन गरिने छ । मन्त्री यादवका अनुसार यो केवल उजुरी प्रणालीमात्र नभई 'डेटामा आधारित सुशासन'को प्रारम्भ हो, जसले नीति निर्माणलाई तथ्यपरक र कारबाहीलाई उत्तरदायी बनाउने छ ।

क्रमशः पृष्ठ २ मा

# घट्यो पेट्रोलियम पदार्थको मूल्य

■ **प्रभाव संवाददाता**

- पेट्रोल २०, डिजेल ३० र हवाई इन्धनमा प्रतिलिटर ४० रूपैयाँ घट्यो
- खाना पकाउने एलपी ग्यास प्रतिसिलिण्डर १०० रूपैयाँले सस्तियो

**काठमाडौं–** अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्दा पनि नेपालमा नघटाएको भन्दै आलोचित बनेको सरकारले अन्ततः मूल्य समायोजन गरेको छ । मंगलबार नेपाल आयल निगमले पेट्रोलियम पदार्थको खुद्रा बिक्री मूल्य घटाएको हो ।

निगमले भारतीय आयल कर्पोरेसन (आइओसी)बाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोल, डिजेल र हवाई इन्धनको मूल्य समायोजन गरेको जनाएको छ । निगम सञ्चालक समितिको मंगलबार बसेको बैठकको निर्णयअनुसार नयाँ मूल्य आज (बुधबार) बिहान १ बजेदेखि लागू हुने छ ।

निगमका अनुसार पेट्रोलको मूल्य प्रतिलिटर २० रूपैयाँ घटाइएको छ । डिजेल र मट्टितेलको मूल्य लिटरमा ३० रूपैयाँ र हवाई इन्धन लिटरमा ४० रूपैयाँ घटाएको छ । खाना पकाउन प्रयोग हुने एलपी ग्यासको मूल्य प्रतिसिलिण्डर १०० रूपैयाँले घटाइएको छ ।

नयाँ मूल्य सूचीअनुसार पेट्रोल पहिलो वर्ग (चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज)मा प्रतिलिटर १९४ रूपैयाँ ५० पैसा पर्ने भएको छ । दोस्रो वर्ग सुर्खेत र दाङमा १९६ रूपैयाँ प्रतिलिटर र तेस्रो वर्ग काठमाडौं, पोखरा र दिपायलमा १९७ रूपैयाँ प्रतिलिटर कायम भएको छ ।

डिजेल र मट्टितेल पहिलो वर्गमा प्रतिलिटर १९२ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १९४ रूपैयाँ र तेस्रो वर्गमा १९५ रूपैयाँ तोकिएको छ । हवाई इन्धन प्रतिलिटर २२९ रूपैयाँ प्रतिलिटर मूल्य तोकिएको निगमले जनाएको छ । एलपी ग्यास दुई हजार ६० रूपैयाँमा पाइने भएको छ । आधा ग्यास भएको सिलिण्डरलाई एक हजार ३० रूपैयाँ पर्ने भएको छ । मध्यपूर्व युद्धका कारण पेट्रोलियम पदार्थको आपूर्ति घटेपछि सरकारले एल्पी ग्यास आधा सिलिण्डरमात्र बिक्री गर्ने व्यवस्था गरेको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

### नयाँ मुख्यसचिव...

उपाध्यायलाई जेठको तेस्रो हप्ता प्रधानमन्त्री कार्यालयमै राखेर मुख्यसचिवमा बढुवा गर्ने तयारीसमेत चलेको थियो । यद्यपि, अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको आग्रहमा अर्थमै राखिएको थियो। उपाध्याय ती सचिव हुन् जो काठमाडौंको प्रमुख जिल्ला अधिकारी हुँदा लामिछानेले नयाँ नागरिकता पाएका थिए।

उपाध्यायपछि गोविन्दबहादुर कार्की रविको दोस्रो रोजाइका उम्मेदवार हुन्। २०८१ भदौ २० गते सचिवमा बढुवा भएका कार्की अर्थमन्त्रालय हुँदै अहिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेका हुन्। कार्कीलाई मुख्यसचिव बनाउन भन्दै रास्वपा नेताहरू लामिछानेकहाँ डेलिगेसनसमेत पुगेका छन् । कार्की वरीयताक्रममा किरणराजपछि छन्।

सचिवहरू दुई तरिकाबाट अनिवार्य अवकाशमा जान्छन्- एउटा पाँच वर्ष सेवा अवधि पुगेर र अर्को ५८ वर्ष उमेरहदका कारण । निजामती सेवा ऐन, २०४९ को दफा ३३ को उपदफा (१) बमोजिम मुख्यसचिवलगायत सम्पूर्ण निजामती कर्मचारी ५८ वर्ष उमेर पूरा भएपछि सेवाबाट अनिवार्य अवकाश पाउँछन्। उमेर बाँकी नै रहे पनि मुख्यसचिवको पदावधि ऐनको दफा १७ को उपदफा (२) बमोजिम बढीमा तीन वर्ष हुन्छ।

शर्मा मुख्यसचिव भएमा अहिले प्रतिस्पर्धामा रहेका बाँकी नौ सचिव उनीभन्दा अगाडि नै अनिवार्य अवकाशमा गइसक्छन् । राष्ट्रिय किताबखाना (निजामती)का अनुसार मैनाली आगामी साउन १९, गोविन्दप्रसाद शर्मा आगामी साउन २५, डिल्लीराम शर्मा आगामी भदौ ३, श्रेष्ठ आगामी भदौ १६, सिग्देल आगामी असोज १४, पन्थ असोज १९, राउत पुस २१, दंगाल माघ १७ र निरौला आगामी फागुन ५ मा अनिवार्य अवकाशमा जाँदै छन्।

■■■

### रास्वपामा कानुनी...

उनले यो विषय अदालतमा परीक्षण हुन सक्ने पनि बताएका छन्।

महाधिवेशनपछि निर्वाचित केन्द्रीय सदस्य हटाएको विषयले पनि पार्टीमा विवाद निम्तिएको छ। गण्डकी भूगोलबाट निर्वाचित सांसद सोम शर्माले आपत्ति जनाएका छन् । उनले आफू निर्वाचित भए पनि अन्तिम सूचीबाट नाम हटाइएको बताएका छन्। शर्माले पार्टीको निर्वाचन आयोगमा निवेदन दिएका छन्।

'मभन्दा कम मत ल्याएका उम्मेदवारलाई केन्द्रीय सदस्य बनाइयो, मलाई अन्याय भयो,' उनले भने, 'तर, सभापतिज्यूले न्याय गर्नुहुन्छ भन्ने विश्वास छ ।' उनले निर्णयको आधार सार्वजनिक गर्न माग गरेका छन् । यस विवादले पार्टीभित्र विधि र प्रक्रियामाथि थप प्रश्न उठाएको छ । महाधिवेशनपछि पार्टीभित्र शक्ति संघर्ष चर्किएको छ । पार्टीभित्र दुई धार स्पष्ट बन्दै गएको नेताहरू बताउँछन्। एक धारको नेतृत्व सभापति रवि लामिछानेले गरेका छन् । अर्को धार प्रधानमन्त्री वालेन्द्र शाह निकट समूहको रहेको दाबी गरिएको छ । उसो त महाधिवेशनका क्रममा उम्मेदवारी व्यवस्थापनमै मतभेद भएको थियो । त्यसमाथि मन्त्री हेरफेरको विषय पनि यही विवादसँग जोडिएको चर्चा छ।

स्रोतको दाबीमा उद्योग मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा परिवर्तनको प्रस्ताव आएको छ। यो प्रस्ताव सभापति लामिछानेको हो। महाधिवेशनमा दलका उपनेता गणेश पराजुली र सांसद समीक्षा बाँस्कोटालाई मन्त्री बनाउने भन्दै आश्वासन दिएको र सोहीअनुसार उनले मन्त्रिपरिषद् हेरफेर गर्न लागेको बताइन्छ। तर, त्यसमा प्रधानमन्त्री शाहसँग सहमति जुट्न नसकेको स्रोतको दाबी छ।

यसबीच राहदानी विभागको इ-पासपोर्ट ठेक्का अर्को विवाद बनेको छ । राहदानी विभाग परराष्ट्र मन्त्रालयअन्तर्गत पर्छ । स्रोतका अनुसार प्रधानमन्त्रीको सचिवालयका सदस्यहरूले विभागका महानिर्देशकको भूमिकामा रहेका दिनेश विकलाई ठेक्का रद्द गर्न दबाब दिएका थिए।

त्यसपछि विभागका अधिकारीहरूले परराष्ट्र मन्त्रालयलाई जानकारी गराएका थिए। परराष्ट्रमन्त्री शिशिर खनालले प्रक्रिया यथावत् अघि बढाउन निर्देशन दिएका थिए। मन्त्रालयले ठेक्का रद्द गर्दा अन्तर्राष्ट्रिय मध्यस्थतामा जानुपर्ने जोखिम औंल्याएको छ। यसबाट ठूलो आर्थिक दायित्व आउन सक्ने मन्त्रालयको चिन्ता छ। नेपालको अन्तर्राष्ट्रिय विश्वसनीयतामा असर पर्ने जोखिम पनि औंल्याइएको छ।

■■■

### वैदेशिक रोजगार...

यसअघि मूल ऐनमा 'श्रमिकबाट लिने रकम' मात्र उल्लेख गरिएकोमा प्रस्तावित मस्यौदामा 'रोजगारदातासंस्थाबाट वा' भन्ने शब्दावली थप गरिएको हो । मस्यौदामा दफा ३ को उपदफा १ (ढ) थपगर्दै'पुन:एकीकरण'लाई परिभाषित गरिएको छ । यसैगरी 'पुन: श्रम स्वीकृति' शब्दलाई हटाएर 'पुन: श्रम अनुमति' बनाइएको छ।

मस्यौदामा इजाजतवाला संस्था (म्यानपावर कम्पनी)हरूलाई एकआपसमा गाभिन प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ। मूल ऐनको दफा ११ (क) मा संशोधन गर्दै उपदफा २ मा 'एकआपसमा मर्ज हुने इजाजतवाला संस्थालाई तोकिएबमोजिमको प्रोत्साहन तथा छुट सुविधा उपलब्ध गराउन सकिने छ' भन्ने थप गरिएको छ।

मूल ऐनको दफा १८ मा उपदफा २ थप्दै 'कुनै पनि इजाजतपत्रवाला संस्थाले मागबमोजिमको श्रमिक छनोट नभइकन राहदानी संकलन गर्न पाउने छैन' भन्ने थप गरिएको छ । वैदेशिक रोजगारीमा श्रमिक पठाउनुअघि अनलाइन प्रणालीमार्फत वैदेशिक रोजगार विभाग वा तोकिएको निकायबाट अनुमति लिन आवश्यक कागजात पेस गर्नुपर्ने जनाइएको छ। जसअनुसार सीपमूलक तालिम आवश्यक पर्ने भए तालिम लिएको प्रमाणपत्र, भाषा आवश्यक पर्ने भए भाषा परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र, अभिमुखीकरण तालिम प्राप्त गरेको प्रमाणपत्र र विद्युतीय प्रणालीको निस्सा, नेपाल सरकारबाट मान्यताप्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षणको प्रमाणपत्र, इजाजतपत्रवाला संस्था र श्रमिकबीच भएको करारपत्र, रोजगारदाता संस्था र श्रमिकबीच भएको करारपत्र, सेवा शुल्क तिर्नुपर्ने भएमा श्रमिकले शुल्कबापत इजाजतपत्रवाला संस्थालाई तिरेको रकमको बैंक भौचर, विद्युतीय भुक्तानीको प्रमाण वा रसिद, बिमा, कल्याणकारी कोष र सामाजिक सुरक्षा कोषमा जम्मा गरेको रकमको प्रमाण अनिवार्य पेस गर्नुपर्ने मस्यौदामा उल्लेख गरिएको छ। यसरी पेस गरिएका विवरण फरक देखिएमा वैदेशिक रोजगारमा श्रमिक पठाउन इजाजतवाला संस्थालाई रोक लगाउनेसक्ने व्यवस्था पनि मस्यौदामा प्रस्ताव गरिएको छ।

मूल ऐनको दफा २४ मा रहेको 'सेवा शुल्क तथा प्रवर्द्धन खर्च' शीर्षकबाट 'प्रवर्द्धन खर्च' हटाएर 'सेवा शुल्क' मात्र राखिएको छ । मस्यौदामा वैदेशिक रोजगारीमा जाँदा श्रमिक भर्ना प्रक्रियामा लाग्ने लागत गन्तव्य देशको रोजगारदाता संस्थाले व्यहोर्नुपर्ने र यदि राजगारदाताले नव्यहोर्ने अवस्था भएमा श्रमिकले तिर्ने सेवा शुल्क नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख गरिएको छ। तर, एक वर्षभन्दा कम अवधिको करारमा वैदेशिक रोजगारीमा पठाउँदा श्रमिकसँग सेवा शुल्क लिन नपाइने व्यवस्था गरिएको छ।

मस्यौदामा वैदेशिक रोजगार कल्याणकारी कोषको व्यवस्था गरिएको छ। वालेन्द्र शाह नेतृत्वको सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत नीति तथा कार्यक्रममा वैदेशिक रोजगार कल्याणकारी कोष बनाउने घोषणा गरिएबमोजिम वैदेशिक रोजगार ऐनको मस्यौदामा उक्त कोषबारे व्यवस्था गरिएको पाइएको छ।

■■■

### श्रममन्त्रीले घोषणा...

श्रमिकहरूलाई काठमाडौं धाउनुपर्ने बाध्यता अन्त्य गर्दै सरकारले एफइआइएमएस प्रणालीमार्फत ७५३ वटै स्थानीय तहबाट श्रम स्वीकृतिको सेवा उपलब्ध गराउने प्रक्रिया अघि बढाएको छ। हालसम्म ३९० पालिकाका लागि 'युजर आइडी' बनिसकेको र बाँकी पालिकाहरूमा पनि क्रमश: यो सुविधा विस्तार गरिने छ।

हाल खटिएका रोजगार संयोजकलाई थप जिम्मेवार र उत्तरदायी बनाउन देशभरका रोजगार सेवा केन्द्रलाई कार्यविधि पारित गरेर रोजगार, सीप तथा उद्यमशीलता केन्द्रका रूपमा व्यवस्थित गरिएको छ। यो कार्यक्रम सफल बनाउन आप्रवासन केन्द्र र देशभरका रोजगार संयोजकहरूको समन्वयात्मक भूमिका रहने भएकाले सबैलाई एकीकृत गरी 'भर्चुअल' माध्यमबाट शुभारम्भ गरिएको हो ।

यो व्यवस्थाले डिजिटल साक्षरता नभएका नागरिकलाई स्थानीय तहबाटै नि:शुल्क र सहज सेवा प्राप्त गर्न मद्दत पुग्ने छ । यसबाट 'साइबर' ठगी र बिचौलियाहरूबाट हुने आर्थिक शोषण नियन्त्रण हुने विश्वास सरकारको छ। मन्त्री यादवले सुशासन भनेको केवल नियम बनाउनु नभई नागरिकले सेवा पाउँदा अनुभव गर्ने सहजता र न्याय भएको बताए । सरकारले आगामी १० वर्षलाई 'राष्ट्रिय रोजगारी प्रवर्द्धन दशक'का रूपमा मनाउने योजना बनाएको छ।

'देशमै मर्यादित र औपचारिक रोजगारी सिर्जना र सुरक्षित विदेशिक रोजगार हाम्रो मुख्य जिम्मेवारी हो,' मन्त्री यादवले भने । उनले स्थानीय तहका रोजगार संयोजकहरूलाई ७५३ पालिकामै मन्त्रालयको प्रतिनिधिका रूपमा सक्रिय भएर काम गर्न र नागरिकको विश्वास जित्न निर्देशनसमेत दिएका छन्। *रासस*

■■■

### घट्यो...

अमेरिका-इजरायल र इरानबीचको युद्ध चर्किंदा विश्वभर पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या भएको थियो । र, सोही युद्धका कारण इन्धनको मूल्य उच्च दरले बढ्न पुगेको थियो । तर, अमेरिका र इरानबीच वार्तामार्फत युद्ध अन्त्य गर्ने समझदारीपत्रमा सम्झौता भएपछि आपूर्ति सहज हुनुका साथै मूल्य घटेको छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य घटेको धेरै भए पनि नेपाल सरकारले बल्ल घटाउने निर्णय गरेको हो।

## सिलिचोङमा पहिरो जाँदा सात परिवार विस्थापित

**किमाथांका (संखुवासभा)**– संखुवासभाको सिलिचोङ गाउँपालिका-१ मा लगातारको वर्षापछि आएको बाढीपहिरोले सात परिवार विस्थापित भएका छन्। अविरल वर्षासँगै आएको बाढीपहिरोका कारण सिलिचोङ-१ तेन्छोङका सात परिवार विस्थापित भएका हुन्।

शनिबार रातिदेखि आएको अविरल वर्षाका कारण बाढीपहिरो आउँदा सिलिचोङ-१ तल्लो तेन्छोङका सात परिवार विस्थापित भएका जिल्ला प्रहरी कार्यालयका निमित्त प्रमुख एवं प्रहरी निरीक्षक धनबहादुर राजवंशीले जानकारी दिए । उनका अनुसार कुन्ती राईसहित परिवारका पाँच जना, धनपूर्ण राईको सात जनाको परिवार, मंगलबहादुर राईको छ जनाको परिवार विस्थापित भएका हुन्।

त्यस्तै, सुकप्रसाद राईको चार जनाको, मिरा राईको पाँच जनाको धनमान राईको तीन जनाको र अरुणसंगम राईको परिवार विस्थापित भएका प्रहरी निरीक्षक राजवंशीले बताए। पहिरोबाट विस्थापित सात परिवारलाई गाउँपालिकाको सहयोगमा सुरक्षित स्थानमा सारिएको छ।

बस्तीमाथिको जमिन चिरा परेपछि स्थानीयलाई सिसुवा प्रहरी चौकीको सहयोगमा सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । घटनालगत्तै सोमबार बिहान जिल्ला प्रहरी कार्यालय संखुवासभाबाट प्रहरी नायब निरीक्षक अनिल भुजेलको नेतृत्वमा १० जनाको टोली घटनास्थलमा खटिएको प्रहरी निरीक्षक राजवंशीले जानकारी दिए । उनका अनुसार थप क्षतिको विवरण संकलन तथा अनुगमन भइरहेको छ । यसैबीच सिलिचोङ गाउँपालिकाले सोमबार एक विज्ञप्ति जारी गर्दै जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने नागरिकलाई सतर्क रहन तथा आवश्यक परे सुरक्षित स्थानमा जान आग्रह गरेको छ। *रासस*

### मोटरसाइकल हरायो

मिति २०८३/०३/१२ गते बेलुका अन्दाजी १९:५५ बजेको समयमा ललितपुर महानगरपालिका वडा नं.५ लगनखेल चोक नजिक पार्किङ्ग गरेको अवस्थामा बा.प्र.०२-०६६प ९२०८ नम्बरको कालो/रातो रङ्गको निम्न व्यहोरा भएको 220 सि.सि. को पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**सवारी धनी: राज कुमार मानन्धर**
**ठेगाना : खाँडादेवी-०२, रामेछाप**
**च्यासिस नं.:** MD2A13EX2TCL83140
**इन्जिन नं.:** DKXCTL26055
**सम्पर्क नं.:** 9701430985

### कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Nova International Pvt. Ltd.** इजाजत नम्बर: १०१९/०६८/०६९ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन ।

| नाम थर | नागरिकता नं. |
|---|---|
| एन्जिला खुलाल | ०५-०१-७४-००८५९ |
| मुकेश कुमार झा | १९१०२६/४४ |
| कल्पना के.सी. | ७९६८४ |
| रोमी शाह | १०२२/८०१४ |
| सुबास्ना लिम्बु (इटहरी शाखाबाट) | ०५-०२-८१-०४८३४ |

**NOVA INTERNATIONAL PVT. LTD.**
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602 (Nita & Anju Miss) 9709166724, Email: info@novainternational.com.np

### सूचना ! सूचना !! सूचना !!!

**प्रकाशित मिति २०८३/०३/१७ गते**

**रमेश बहादुर गुरुङ (ना.प्र.नं.२१११७, नवलपरासी, वर्दघाट) र** नामक व्यक्तिले आफू यस **Four Star Overseas Emplyment Service Pvt Ltd.** मा कर्मचारी हुँ भन्दै यस प्रा.लि.को नाम गरी विभिन्न व्यक्तिहरूलाई आकर्षण तलवको प्रलोभनमा पारी वैदेशिक रोजगारीमा पठाउने नाममा रकम असुली गरिरहेको साथै **रोहन उपरकोटी** मतदाता **परिचयपत्र नं. २१५०८५१५**, स्थायी ठेगाना **बर्दघाट-मध्यबिन्दु नगरपालिका-५, नवलपरासी**को सम्बन्धमा वैदेशिक रोजगार विभाग, ताहाचलमा मिति २०८२/०७/१८ गतेजाहेरी दर्ता भएको र चलानी नं. ५३९० अनुसार पक्राउ पुजी समेत जारी भइसकेको व्यहोरा जानकारी गराइन्छ। निजहरूसँग यस प्रा.लि.को कुनै सम्बन्ध नरहेकोले आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कोही कसैले निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक कारोबार गरेमा यस प्रा.लि. जवाफदेही नहुने समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

**FOUR STAR OVERSEAS EMPLOYMENT SERVICE PVT. LTD.**
Samakhusi-29 Kathmandu, Nepal. Tel: 01-4984202/9851255745/9849829272
Email: 4starover09@gmail.com, Website: www.4staroverseas.com
श्रम ईजाजत नं. ४२०/०६०/६१

### आवश्यकता

**(प्रथम पटक प्रकाशित मिति २०८३/03/१७ गते)**

मनाङ जिल्ला नाशो गाउपालिका ताचै गाउँ स्थित निर्माणधीन **चिनो खोला जलविधुत आयोजना** का लागि निम्न संख्यामा प्राविधिक तथा दक्ष कामदारहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र उल्लेखित ठेगानामा आवदेन दिनुहुन अनुरोध छ ।

| सि.नं. | पद | संख्या | योग्यता र अनुभव |
|---|---|---|---|
| १. | Financial Manager | 1 | Bachelor or equivalent, at least 5 years of work experience in related field |
| २. | Manager of Mechanical and Electrical Department | 1 | BE or equivalent, at least 6 years of work experience in related field |
| ३. | Site Technician | 1 | Diploma in Engineering or equivalent, at least 4 years of work experience in related field |
| ४. | Assistant Site Manager | 3 | Diploma in Engineering or equivalent, at least 3 years of work experience in related field |
| ५. | Civil Works Engineer | 2 | BE or equivalent, at least 5 years of experience in related field |
| ६. | Hydro Mechanical Works Engineer | 2 | BE or equivalent, at least 6 years of work experience in related field |
| ७. | Assistant of the Site Manager for Powerhouse Civil Works | 2 | Diploma in Engineering or equivalent, at least 3 years of work experience in related field |
| ८. | Assistant Site Manager for Equipment and Materials | 2 | Diploma in Engineering or equivalent, at least 3 years of work experience in related field |

Note: Knowledge of Chinese Language is highly preferable

**काम गर्नुपर्ने क्षेत्र तथा स्थान** : काठमाडौं तथा आयोजना स्थल
**कार्यरत रहने अवधि** : १ वर्ष **तलव स्केल** : आपसी सहमतिमा
**संलग्न कागजातहरू** : सम्बन्धित कागजातहरू

**सम्पर्क ठेगाना :**

**Chino Khola Jalvidyut Aayojana 7.9 MW**
**Q.Y.E.C. Construction Pvt. Ltd.**
**Pulchowk-3, Lalitpur, Nepal,**
**Email Address: info@qyecint.com**

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भूमि प्रशासन कार्यालय सिमरा, बारा**

### भूमि प्रशासन कार्यालय सिमरा बाराबाट जारी ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति २०८३/०३/१७ गते, बुधबार*

प्रस्तुत विषयमा जिल्ला नुवाकोट साविक गा.वि.स.भद्रुटार वडा नं.५ हाल पिप्रासिमरा वडा नं.३ वतन रहेको सेती तामाङ्नीको नाममा दर्ता कायम रहेको तपसिलको जग्गा निज जग्गाधनीको मिति २०७८/०९/११ मा मृत्यु पश्चात नजिकको हकदार पति रामबहादुर तामाङको समेत २०६७/०४/२९ मा मृत्यू पश्चात शेषपछिको हकखाने छोरा/छोरीको जायजन्म नभएको रामबहादुरको भाई प्रेमबहादुर तामाङको दाम्पत्य जीवनमा समेत कुनै जायजन्म नभई दुबै जनाको मृत्यु भएको साथै बुवा लालबहादुर तामाङबाट दुई सन्तान बाहेक अन्य नरहेको, बुवाको दाजुभाईहरू विरबहादुर तामाङ, कृष्णबहादुर तामाङ र रामबहादुर तामाङको समेत विवाहपूर्व नै मृत्यु भएको, काका दिर्घमान तामाङको एक मात्र सन्तान गम्भिर बहादुर तामाङ जग्गाधनीको देवर नाता पर्ने जिल्ला भद्रुटार गा.वि.स.वडा नं.५ हाल पञ्चकन्या गाउँपालिका वडा नं.५ बस्ने वितराम तामाङको नाती दिर्घमान तामाङको छोरा गम्भीर बहादुर तामाङले उल्लेखित व्यहोराको पञ्चकन्या गाउँपालिका वडा नं.५ को च.नं.८३४ मिति २०८३/०२/२६ को सिफारिस साथ प्रमाण कागजातहरू पेश गरी द.नं.६८७२ मिति २०८३/०१/२८ को निवेदन माग पेश गर्नु भएको सन्दर्भमा यस कार्यालयको मिति २०८३/०३/०९ को आदेशानुसार नामसारी सम्बन्धमा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। मृतक जग्गाधनी सेती तामाङ्नीको हकभोग खाने अन्य कोही हकदार भए वा गम्भीर बहादुर तामाङको नाममा नामसारी हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशन भएको मितिले **३५ (पैंतिस) दिन**भित्र आफ्नो सबूत प्रमाण सहित उजुर दावी गर्न आउनुहुनु भनी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| जिल्ला | गाविस | कित्ता नं. | वडा नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| बारा | पिप्रासिमरा | ३५५० | २ क | ०-०-६-० | सेती तामाङनी |
| बारा | पिप्रासिमरा | १८९६ | २ क | ०-०-५-० | |
| बारा | पिप्रासिमरा | ३९२६ | २ क | ०-०-१०-० | |

### मलेसियामा रोजगार

कम्पनी : **EMFORCE SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०१/३० | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/१६ | LT. No. 323643 | चलानी नं. ६०२३७६२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 6 | 0 | 1700 | ६३,१२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २४ गते (8th July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RADIANT Govt. License No. 1016/068/69
**RADIANT OVERSEAS PVT. LTD.**
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,
E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np

### कुवेतमा रोजगार

कम्पनी : **CLASSY LOUNGE LADIES BEAUTY SALON**

पूर्व स्वीकृति मिति : २०८१/१०/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१६ | LT. No. 317254 | चलानी नं. ६०२३१४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser/hair Stylist | 0 | 8 | 150 | ७३,१४० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Indoor Cleaner | 0 | 2 | 120 | ५८,५१२ | | | | | | | |
| 3. | Light Drivers | 2 | 0 | 150 | ७३,१४० | | | | | | | |
| 4. | Manicure/pedicure | 0 | 5 | 150 | ७३,१४० | | | | | | | |
| 5. | Nail Technicians | 0 | 5 | 150 | ७३,१४० | | | | | | | |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २४ गते (8th July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

### मलेसियामा रोजगार

कम्पनी : **XIN TONG SENG SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८२/१२/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/03/१६ | LT. No. 340200 | चलानी नं. ६०२५३६२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vegetable/fruit/paddy Field Worker | 35 | 0 | 1700 | ६३,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २४ गते (8th July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं १८२६/०८२/८३
**NEW CENTURY INTERNATIONAL RECRUITMENT PVT.LTD.**
KMC-09, Sinamangal, Kathmandu, Nepal, Tel +977-1-5928185, Mob : 9712036985, 9712036986
E-Mail : newcenturyirsp@gmail.com, Website : www.newcentury.com.np

### कुवेतमा रोजगार

कम्पनी : **ABNB FOOD SUPPLIES COMPANY** शहर : **Mubarak Alkabir**

पूर्व स्वीकृति मिति : २०८१/०४/३२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 308965 | चलानी नं. ६०२२३६५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaner | 5 | 0 | 95 | ४६,४२५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 15 | 0 | 120 | ५८,६४५ | | | | | | | |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २४ गते (8th July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

### मलेसियामा रोजगार

कम्पनी : **SAIFORCE SECURITY SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/१६ | LT. No. 324710 | चलानी नं. ६०२३८६५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 23 | 0 | 1700 | ६३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २४ गते (8th Jul. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1284/074/75
**S.N. Recruiting Service Pvt Ltd**
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com

### कतारमा रोजगार

कम्पनी : **JR INTERNATIONAL DELIVERY SERVICE**

पूर्व स्वीकृति मिति : २०८२/१०/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/१६ | LT. No. 338722 | चलानी नं. ६०२५२२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | 1500 | ६२,२१० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 2 | 0 | 1500 | ६२,२१० | | | | | | | |
| 3. | Supervisor | 2 | 0 | 2500 | १०३,६९० | | | | | | | |

कम्पनी : **BANYAN JR SERVICES**

पूर्व स्वीकृति मिति : २०८२/११/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/१६ | LT. No. 338959 | चलानी नं. ६०२५२४८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 1 | 0 | 1500 | ६२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २४ गते (8th Jul. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
Bijay Chowk-9 Kathmandu, Nepal, Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com
श्रम ईजाजत नं. १५३१/०७८/०७९

# पाठ्यक्रम सुधार गर्न ५० हजारसँग सुझाव संकलन गरिने



काठमाडौं– विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप पुनरावलोकन कार्यदलले पाठ्यक्रम सुधार गर्न देशभरका विभिन्न ५० हजार विज्ञसँग सुझाव संकलन गरिने भएको छ। शैक्षिक वर्ष २०८० देखि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को पाँचवर्षे चक्र पूरा भएकाले पाठ्यक्रम पुनरावलोकन गर्न लागिएकाले विज्ञसँग सुझाव जम्मा गर्न लागिएको हो ।

शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई) नेपालले मंगलबार आयोजना गरेको 'विद्यालय तहको पाठ्यक्रम पुनरावलोकन: सरोकारवालाको दृष्टिकोण र सुझाव' विषयक अन्तरक्रिया कार्यक्रममा कार्यदलका संयोजक डा. बालचन्द्र लुइँटेलले कार्ययोजनाअनुसार मुख्य १२ विषयगत क्षेत्र र समिति गठन गरी व्यापक सुझाव संकलन गरिने बताए ।

संयोजक डा. लुइँटेलले सक्षमता, व्यावसायिक तथा प्राविधिक शिक्षा, स्थानीय ज्ञान, मानव मूल्य र नैतिक शिक्षा, कला, खेल, स्वास्थ्य, समावेशीकरण, विपद् व्यवस्थापन, मातृभाषा शिक्षण विधि, मूल्यांकन पद्धति, पाठ्यक्रम कार्यान्वयनका विषयमा सुझाव संकलन गरी नौ महिनामा पाठ्यक्रमको स्वरूप तयार गरिने बताए ।

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्को गत वैशाख ११ गते शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा भएको ९८औं बैठकले काठमाडौं विश्वविद्यालयको 'स्कुल अफ एजुकेसन' का डिन प्रा.डा. लुइँटेलको संयोजकत्वमा कार्यदल गठन गरेको थियो । कार्यदलकी सदस्य डा. मीनाक्षी दाहालले प्राप्त सुझावलाई ग्रहण गर्ने बताइन् । शिक्षाविद् डा. विद्यानाथ कोइरालाले विद्यार्थीलाई स्वतन्त्र र सृजनशील बनाउन पाठ्यक्रमले जोड दिनुपर्ने बताए ।

प्राज्ञ विमल फुयाँलले ज्ञानको ठूलो भएकाले राष्ट्र निर्माणको आधारशिलामा पाठ्यक्रमले जोड दिनुपर्ने बताइन्। पाठ्यक्रम विकास केन्द्रका निर्देशक विजयराज बडूले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक तालिम, विद्यालय शिक्षा अनुगमन र मूल्यांकन फरक-फरक निकायबाट हुने स्थिति भएकाले पाठ्यक्रमका लक्ष्यमा पुग्न चुनौती देखिएको बताए ।

शिक्षा विश्लेषक टीका भट्टराईले शिक्षा बिग्रनुको दोष केवल पाठ्यक्रमलाई दिन नहुने बताए । शिक्षा तथा खेलकुद मन्त्रालयका पूर्वसचिव दीपेन्द्रविक्रम थापाले पाठ्यक्रममा जातीय विभेद जनाउने उदाहरण हट्नुपर्ने बताए ।

दलित गैरसरकारी संस्था महासंघका अध्यक्ष जिबी विश्वकर्माले पाठ्यक्रममा जातीय विभेदका उदाहरण आउने स्थिति दिन नहुने बताए । नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले कार्यदलमा समावेश नगरेकामा असन्तुष्टि व्यक्त गरे ।

कार्यदलको सदस्यमा डा. लेखनाथ पौडेल, डा. अमिना सिंह, पवित्रबहादुर गौतम, डा. प्रमोद भट्ट, ज्ञानेन्द्र मल्ल, सागेन्द्र श्रेष्ठ, रीचा न्यौपाने, रेवती कार्की र सदस्यसचिवमा पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक युवराज पौडेल छन् । *रासस*

# चुनावमा सबैभन्दा बढी मिथ्या सूचना सामाजिक सञ्जालबाट

काठमाडौं– गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा सबैभन्दा बढी मिथ्या सूचना सामाजिक सञ्जालबाट फैलाइएको पाइएको एक अनुसन्धानले देखाएको छ । सेन्टर फर मिडिया रिसर्च (सिएमआर)ले गरेको अनुसन्धान प्रतिवेदनअनुसार निर्वाचनको समयमा सामाजिक सञ्जालमार्फत सबैभन्दा बढी मिथ्या सूचना प्रवाह भएको थियो।

मंगलबार यहाँ आयोजित कार्यक्रममा सिएमआरका कार्यकारी निर्देशक तिलक पाठकले निर्वाचनका समयमा गरिएको अनुसन्धानमा सबैभन्दा बढी अर्थात् ८७ प्रतिशत मिथ्या सूचना सामाजिक सञ्जालले फैलाएको पाइएको जानकारी दिए । सामाजिक सञ्जालमा पनि सबैभन्दा ठूलो मिथ्या सूचनाको बाहक फेसबुक रहेको पनि उक्त अनुसन्धानबाट खुलेको उनको भनाइ छ ।

त्यसपछि सबैभन्दा बढी मिथ्या सूचनाको बाहक आर्टिफिसिएल इन्टेलिजेन्स (एआई) निर्मित सामग्रीहरू पाइएको पनि सो अनुसन्धान प्रतिवेदनमा उल्लेख छ । यस्ता सामग्रीको बाहक पनि अधिकांश सामाजिक सञ्जाल नै रहेको र कतिपयले अन्य माध्यमबाट पनि सम्प्रेषण एवं प्रचारप्रसार गर्ने गरेका पाइएको छ ।

यस्ता कतिपय भिडियो या सामग्री मनगढन्ते र सन्दर्भ बंग्याइएको अवस्थामा पाइएका पनि भेटिएको थियो । पूरै काल्पनिक या कृत्रिम सामग्री निर्माण, नयाँ घटनाजस्तो बनाएर पुराना फुटेजहरूको प्रयोग, घटना भएकै जस्तो गरी निर्माण गरिएका दृश्यहरू मिथ्या सूचनाका रूपमा प्रयोगमा ल्याइएको अनुसन्धानका क्रममा पाइएको थियो ।

सो अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्दै कार्यकारी निर्देशक पाठकले एआई अहिलेको अवस्थामा हेर्दा मिथ्या सूचना निर्माणकर्ता जस्तो देखिए पनि यो प्रमुख नभएर हाल उदाउँदो अवस्थामा रहेको र मुख्य बाहक त फेसबुकसहितका सामाजिक सञ्जालहरू देखिएको उनले बताए । त्यस क्रममा आएका मिडियाका सामग्रीको तथ्य जाँच भएको भए पनि तथ्यजाँचकर्तासँग पर्याप्त मात्रामा एआई पहिचान गर्ने उपकरण नभएको सम्पादित भिडियो नै प्रयोग हुने गरेकाले त्यो बढी चूनौतीपूर्ण रहेको उनले बताए ।

पत्रकारिताका सामग्रीहरू पनि मिथ्या सूचनालाई प्रवर्द्धन गर्नेगरी उत्पादन भएका पाइएको तर ती समाचार सामग्रीको भने तथ्यजाँच गर्ने काम भएको पनि सो अनुसन्धानमा पाइएको छ । राज्यका तर्फबाट, निर्वाचन आयोग, नागरिक समाज, मिडिया, स्वयं राजनीतिक दल र उम्मेदवारहरूले पनि यस्ता मिथ्या सूचनाको तथ्यजाँच गर्ने गरेका तर ती प्रयास पनि अपुग रहेका सो अनुसन्धानमा पाइएको छ।

त्यस्तै सामाजिक सञ्जालमा प्रयोग गरिएका कतिपय पोस्टहरू पछि मेट्ने गरिएकाले तिनलाई पछि पुनःपुष्टि गर्न सजिलो नभएको पाइएको छ । यसरी तथ्यजाँचपछि कतिपय सामग्री सामाजिक सञ्जालबाट हटाइएको र यसका लागि मेटा कम्पनीसँग निर्वाचन आयोगले सम्झौता पनि गरेको थियो ।

साथै सो अनुसन्धानले निर्वाचनपूर्व द्रुत प्रतिक्रिया संयन्त्र स्थापना गर्न, सामाजिक सञ्जाल प्लेटफर्म जवाफदेहिताको आधिकारिक र अधिकारसहितको ढाँचा निर्माण गर्न, मिथ्या सूचनालाई द्वन्द्व सूचकका रूपमा लिएर त्यसमाथि आवश्यक कारबाहीको प्रक्रिया निर्माण गर्न पनि सुझाव दिइएको छ। *रासस*


**कतारमा रोजगार** — कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति : २०८२/११/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/१६ | LT. No. 339370 | चलानी नं. ६०२५२८४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 1 | 1400 | ५८,०६५ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office Cleaner | 0 | 5 | 1000 | ४१,४७५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २४ गते (8th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET — **Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/01591125, 9821471642 (9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

श्रम इजाजत नं. ८३३/०६६/०६७



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०३/१७ गते**

यस कम्पनीको मिति २०८२/०३/२६ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **बत्ति ग्रुप प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/२३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कोने फार्म रिसोर्ट प्रा.लि. (प्रा.लि.नं. १५९७८९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०७/२१ मा दर्ता कायम भएको **नमुना अटो सर्भिस स्टेशन नेपाल प्रा.लि.** (**प्रा.लि.नं.** २२७७०९/०७६/०७७) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०३/१६ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**

**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**



**MANJUSHREE FINANCE LIMITED**
**मञ्जुश्री फाईनान्स लिमिटेड**
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रिय कार्यालयः थापाथली, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्सः ९७७-१-४७८२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८३/०३/१७ गते**

यस वित्तिय संस्थाको विभिन्न शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा **SMS** मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथली काठमाडौंमा ०८औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:३० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

| | |
|---|---|
| **१. ऋणीको नाम : उमेश साह**<br>बाबु : शिकन्दर साह<br>बाजे : राम प्रसाद साह<br>ना.प्र.नं.: २/१७०४<br>जारी मिति : २०४५/०२/१६, जि.प्र.का.: मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला बुधनगर गा.पा/उप.म.न.पा. वडा नं. ०४<br>हाल : मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं.१८<br>**कर्जाको प्रकार : आवासिय घर कर्जा** | **व्यक्तिगत जमानिकर्ता : सुनिता देवी साह**<br>बाबु : भरत लाल साह<br>बाजे : उमेश साह<br>ना.प्र.नं.: २०११०<br>जारी मिति : २०७४/०६/३०, जि.प्र.का.: मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला बुधनगर गा.पा/उप. म.न.पा. वडा नं.०४<br>हाल : मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं.१८ |
| **व्यक्तिगत जमानिकर्ता : शिकन्दर साह**<br>बाबु : साम प्रसाद साह<br>बाजे : लक्ष्मण साह<br>ना.प्र.नं.: १२८५<br>जारी मिति : २०३३/०८/२३, जि.प्र.का.: मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला जतुवा कठ्कूम्पा न.पा/गा.वि.स. वडा नं. ०५<br>हाल : मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं.१८ | **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण:**<br>**उमेश साहको** नाममा मा.पो.का. विराटनगर मोरङ्ग दर्ता कायम रहेको मोरङ्ग जिल्ला बुधनगर न.पा./ गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. १७८०९८३ स्थित कि.नं. १५३० को क्षेत्रफल १७१० व.मी. को घर जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |

**शर्तहरू**:

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ ।
३. गोप्य शिलबन्दी फाराम यो सुचना प्रकाशित भएको मितिले ७ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
**मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय थापाथली, काठमाडौं**
**समय : दिउँसो ४:३० बजे, मितिः २०८३/०३/२४ गते**



## खुसी खुसी वचत तथा ऋण सहकारी संस्था लिमिटेड

मातातीर्थ, काठमाडौं फोन नं ०१५१६४०५५

## ऋण चुक्ता गर्ने बारेको ३५ दिने सूचना

**प्रकाशित मिति २०८३/03/१७**

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले उपयोग गर्नु भएको ऋण तिर्ने बुझाउने सम्बन्धमा यस संस्थाबाट पटक पटक ताकेता गर्दा पनि आलटाल गरी ऋण तिर्नतर्फ कुनै चासो नदेखाएकोले तिर्न बुझाउनको लागी यो सुचना प्रकाशित गरिएको छ । उल्लेखित मितिभित्र रकम दाखिला हुन नआएमा कर्जा उपयोग गर्ने क्रममा यस संस्थालाई लेखिदिएको धितो लिलामी बिक्री गरी तथा कर्जा तमसुक सर्त कबुलियतनामा तथा सहकारी ऐन २०७४ मा भएको व्यवस्था बमोजिम वा प्रचलित कानुन बमोजिम अन्य व्यवस्था गरी संस्थाको साँवा ब्याज तथा असुली कारबाहीको सिलसिलामा उक्त कार्यविधि अनुसार भएको अन्य खर्च समेत असुल उपर गरिने ब्यहोरा जानकारी गराउदछौं । सोबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणीको घरघराना चलअचल सम्पत्तिबाट प्रचलित कानुन बमोजिम असुल उपर गरिने ब्यहोरा समेत सम्बन्धित पक्षलाई यसै सूचनाद्वारा जानकारी गरिन्छ ।

**तपशिल**

| क्र.सं | ऋणीको नाम | बाबुको नाम | बाजे/ससुराको नाम | ठेगाना | साक्षीको नाम |
|---|---|---|---|---|---|
| १ | शिफत लाल शन्त | कैलु शन्त | मुन्नर शन्त | च.न.पा ११, काठमाडौं | |
| २ | राजेन्द्र माझी | कर्न्के माझी | सेते माझी | च.न.पा ८, काठमाडौं | जेलु माझी |
| ३ | सिमा खवास | धन बहादुर मगर | | च.न.पा ८, काठमाडौं | |
| ४ | सोनु खत्री | लक्ष्मण आचार्य | | च.न.पा ८, काठमाडौं | |
| ५ | अनिल लामा | सुरेश लामा तामाङ्ग | मान बहादुर तामाङ्ग | च.न.पा ८, काठमाडौं | |
| ६ | शिवराम पन्त | कृष्ण कुमार पन्त | | च.न.पा ८, काठमाडौं | |
| ७. | घनश्याम स्यावा | गोपाल स्यावा | गो स्यावा | च..न.पा ८, काठमाडौं | आशिष स्यावा |
| ८. | कपिल कपाली | सन्त लाल कपाली | बाबुलाल कपाली | का.म.न.पा १३, काठमाडौं, हाल कि.न.पा-४ | |
| ९. | सुनिता अर्याल | अर्जुन के.सी | कान्छा अर्याल | च..न.पा ८, काठमाडौं | आशिष अर्याल |
| १०. | बिन्दा रोक्का | मदन रोक्का | विरवल रोक्का | च..न.पा १४, काठमाडौं | मोमाज शाहि |
| ११. | अस्मित कुमार गुप्ता | गंगा सागर प्रसाद गुप्ता | लक्ष्मण प्रसाद गुप्ता | कि.न.पा ४, काठमाडौं | |
| १२. | कमल प्रसाद पौडेल | शशिधर प्रसाद पौडेल | लोकनाथ पौडेल | च.न.पा ८, काठमाडौं | बाबुकाजी खत्री |
| १३. | दिपक लामा तामाङ्ग | कुमार तामाङ्ग | कृष्ण बहादुर तामाङ्ग | च.न.पा ८, काठमाडौं | सुनिल लामा ब्लोन |
| १४. | जैनव खातुन साह | अहमद अली मिया | ईजत मिया | च.न.पा १४, काठमाडौं | सवर्ण कुमार साह |
| १५. | राजेन्द्र कुमार गुरूङ्ग | राम बहादुर गुरूङ्ग | टेक बहादुर गुरूङ्ग | च.न.पा १४, काठमाडौं | बेल कुमारी गुरूङ्ग |
| १६. | कमला नेगी | कमान सिंह नेगी | सूर्य बहादुर नेगी | च.न.पा ८, काठमाडौं | अर्जुन नेगी |
| १७. | विमला राई | राज कुमार राई | नर बहादुर राई | च.न.पा ८, काठमाडौं | ललिता सुब्बा |
| १८. | सविन राज गिरी | राजन राज गिरी | भिमसेन राज गिरी | च.न.पा ५, काठमाडौं | |
| १९. | रेगन प्रसाई | राजेन्द्र प्रसाई | जय नारायण प्रसाई | कि.न.पा ५, काठमाडौं | अनिशा पाठक |
| २०. | अशोक थापा | राजन कुमार थापा | टेक बहादुर थापा | कि.न.पा ५, काठमाडौं | पर्वत कुमारी अधिकारी |
| २१. | शिवकाजी गुरूङ्ग | डम्बर बहादुर गुरूङ्ग | परवल गुरूङ्ग | कि.न.पा ५, काठमाडौं | नविन गुरूङ्ग |
| २२. | सूर्य कार्की | किर्ति बहादुर कार्की | टेक बहादुर कार्की | कि.न.पा ५, काठमाडौं | |
| २३. | सुमन के.सी | नवराज के.सी | कृष्ण बहादुर के.सी | द.न.पा ९, काठमाडौं, हाल कि.न.पा-५ | नवराज के.सी |
| २४. | सुरेश थापा मगर | नारायण थापा मगर | गणेश थापा मगर | च.न.पा ८, काठमाडौं | सुस्मिता थापा मगर |
| २५. | विष्णु कुमारी लामा | लाक्पा लामा | धन लामा | च.न.पा ८, काठमाडौं | विनोद लामा |
| २६. | नथुराम यादव | रवि यादव | बैनी यादव | च.न.पा ५, काठमाडौं | विकेश महर्जन |
| २७. | राजन प्रसाद गजुरेल | गंगानाथ गजुरेल | मेघनाथ गजुरेल | च.न.पा ८, काठमाडौं | भविशरा गजुरेल |
| २८. | सुनिता भण्डारी | लीला बहादुर थापा मगर | | च.न.पा ८, काठमाडौं | सुवास भण्डारी |
| २९. | हरी बहादुर भुजेल | मन बहादुर भुजेल | | मकैबारी ४, दोलखा, हाल कि.न.पा-४ | राम कुमार थापा |
| ३०. | विनय चापागाई | प्रकाश चापागाई | हिमलाल चापागाई | च.न.पा ८, काठमाडौं | विपिन चापागाई |
| ३१. | विपिन चापागाई | प्रकाश चापागाई | हिमलाल चापागाई | च.न.पा ८, काठमाडौं | विनय चापागाई |
| ३२. | आशिष अर्याल | भवानी प्रसाद अर्याल | कृष्ण लाल अर्याल | च.न.पा ८, काठमाडौं | सुनिता अर्याल |



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल असार महिना १७ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय कुमारीपाटीबाट तपशिलमा उल्लेखित ऋणीले डिमाण्ड लोन तथा व्यावसायिक आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **निडस सप्लायर्स** प्रोप्राइटरको नाम : मिथुला थापा प्रा.फ.र.नं. : १३१०१३/०७३ /०७४
दर्ता गर्ने कार्यालय : वाणिज्य विभाग (फर्म दर्ता तथा अभिलेख व्यवस्थापन शाखा) दर्ता मिति : २०७३/०७/०९
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३४ हाल परिवर्तित वडा नं. ३१
स्थायी लेखा नं. : ६०५२५४८००

**प्रोप्राइटरको विवरण**

भिम बहादुर थापाको छोरी लोक बहादुर राउतको बुहारी अर्जुन कुमार राउतको पत्नी मोरङ्ग जिल्ला बबियाबिर्ता गा.वि.स. वडा नं. ३ हाल, काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३१ बस्ने **मिथुला थापा** (ना.प्र.नं. : ६५३६ जारी मिति र जिल्ला : २०५५/०९/२९, मोरङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

हर्क बहादुर राउतको नाति लोक बहादुर राउतको छोरा खोटाङ्ग जिल्ला हौचुर गा.वि.स. वडा नं. ५ हाल, काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३१ बस्ने **अर्जुन कुमार राउत** (ना.प्र.नं. : ११५६ जारी मिति र जिल्ला : २०४९/०५/२२ (खोटाङ्ग), सुनसरी)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८० साल फागुन महिना ८ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८१ साल पुस महिना १२ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा धितो बिक्री सम्बन्धी २१ दिने
३) मिति २०८२ साल फागुन महिना २८ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो बिक्री सम्बन्धी १५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| अर्जुन कुमार राउत | उदयपुर जिल्ला हडिया वडा नं. २ | २क | २६९ | ४५७.१४ |
| | | | २७० | २७५.११ |
| | सुनसरी जिल्ला दुहवी वडा नं. १ | १क | ५६५ | १३५४.३३ |
| | | | ५६६ | १५५७.४८ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८३ साल असार महिना २३ गते मंगलबार भित्र यस बैंकको शाखा कार्यालय कुमारीपाटी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असार महिना २४ गते बुधबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय कुमारीपाटीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### डम्बर पक्राउः सुकुमबासीको आवाज दबाउने प्रपञ्च

आफैंले जबरजस्ती विस्थापित बनाएको सुकुमबासीलाई सरकारले 'होल्डिङ सेन्टर' बाटसमेत हटाउँदै छ । होल्डिङ सेन्टर खाली गर्न उर्दी जारी गरेको सरकारले विरोध सुरु भएपछि उल्टै धरपकड सुरु गरेको छ । सोमबार भोजपुरका डम्बर तामाङलाई सोमबार प्रहरीले कीर्तिपुरस्थित सुकुमबासीलाई राखेको होल्डिङ सेन्टरबाट पक्राउ गरेको छ ।

सरकारले वैशाख १२ गते काठमाडौंका विभिन्न अव्यवस्थित बस्तीबाट उठाएर राखेका सुकुमबासीलाई केही दिनमै व्यवस्थित गर्ने वचन दिएको थियो । त्यही आशमा उक्त बस्तीबाट होल्डिङ सेन्टर पुगेको तीन महिना कटिसकेको छ । त्यही कारण डम्बरमात्र हैन विस्थापित सुकुमबासी अहिले आन्दोलनमा उत्रन थालेका छन् । उनीहरू रोजगारी, आफ्नो बसाइ निश्चित होस् भनेर आन्दोलनमा उत्रेका हुन् । तर सरकारले व्यवस्थापन गर्ने छाँट नदेखाएपछि भूमिहीन आक्रोशित बन्न थालेका छन् । यही मध्येका हुन् डम्बर । सरकारले भूमिहीनको माग सम्बोधन नगरे 'खुकुरी लिएर सिंहदरबार छिर्न' तयार भन्ने अभिव्यक्ति दिएकै कारण उनलाई पक्राउ गरेको हो ।

पुराना दलले केही गरेन भन्दै सडकमा आक्रोश पोखेर उदाएको दल राष्ट्रिय स्वतन्त्र पार्टी अहिले सत्तामा छ । यस सरकारका शक्तिशाली प्रधानमन्त्री छन् वालेन्द्र शाह । 'मलाई बोल्न दे, सरकार,' 'गरिबको चमेली बोल्दिने कोही छैन' जस्ता र्‍याप गाएर उदाएका शाह नेतृत्वको सरकार बोलेकै आधारमा नागरिकलाई थुनेर समस्या समाधान खोज्न उद्धत भएको छ । राज्यको यो शैली लोकतान्त्रिक मूल्यमान्यता विपरीतमात्र छैन, यसले नागरिकको अभिव्यक्ति स्वतन्त्रतामाथिसमेत गम्भीर प्रहार गरेको छ ।

सरकार वा स्थानीय प्रशासनले कानुन कार्यान्वयन गर्ने बहानामा नागरिकको बाँच्न पाउने हक र असहमति राख्न पाउने अधिकारलाई कुण्ठित गर्न मिल्दैन । विकल्पविना सुकुमबासीलाई हटाउन खोज्नु आफैंमा अमानवीय कदम हो, त्यसमाथि न्याय माग्नेलाई नै हत्कडी लगाउनु न्यायसंगत देखिँदैन । डम्बरले कुनै हिंसात्मक गतिविधि गरेका छैनन्, केवल आफ्नो समुदायको उचित व्यवस्थापनको माग गरेका हुन् । त्यसैले सरकारले उक्त मागको समयमै सम्बोधन गर्न सक्नुपर्छ । नभए डम्बरजस्ता लाखौं भूमिहीन नागरिक सडकमा ओर्लन सक्छन् । र, त्यही आन्दोलनको बलमा बनेको सरकार तासको महलझैं भत्कन बेर लाग्दैन । हिजोका शासक भाग्न सफल भए, अहिले लोकप्रियतावादको सिँढी चढेर बनेको सरकारलाई यो विकल्प पनि नहुन सक्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीको चितवन महाधिवेशनमा प्रधानमन्त्री शाहले सुकुमबासी समस्या यही सरकारले समाधान गर्छ, अर्को चुनावको एजेण्डा बन्दैन भनेका थिए । त्यो बोली ताली पाउनमात्र बोलेका हुन् कि साँच्चै पूरा गर्न ? डम्बर पक्राउको घटनाले सरकार यो माग पूरा गर्नुभन्दा पनि द्वन्द्व बढाउनतिर लागेको देखिन्छ । यस्तो हो भने सरकारको भूल हुने छ । त्यसैले डम्बरलाई तत्काल रिहा गरी उनीहरूलाई व्यवस्थापन गर्नेतिर लाग्नु बुद्धिमता हुने छ ।

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

**१) कसैको प्रलोभनमा नफसौं**

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

**२) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं**

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

**३) आफ्नो सुरक्षामा ध्यान दिऔं**

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

**४) काममा लगनशील बनौं**

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

# पर्यटन विकासको मुख्य आधारः हवाई सेवाको सुदृढीकरण



❑ हरिगोपाल प्रधान

नेपालमा पर्यटन व्यवसायले थोरै भए पनि गति लिन थालेको छ । संसारको जुनसुकै राष्ट्रको समुन्नति र विकासका लागि नभई नहुने एउटा माध्यम पर्यटन पनि हो । पर्यटनलाई बढावा दिने मुख्य साधन यातायात हो । यातायातविना पर्यटन विकासको कल्पना नै गर्न सकिँदैन । यातायातको असुविधाकै कारणले गर्दा पहाडी क्षेत्रहरूमा विकासको गति अत्यन्त मन्द हुन्छ । यस्ता क्षेत्रहरूमा यातायातका स्थल साधनहरू विकट पहाडी क्षेत्रहरूमा पुर्‍याउन अत्यन्त कठिन र जोखिमपूर्ण हुन्छ । त्यसैले त्यस्ता क्षेत्रहरूमा हवाई साधनको व्यवस्था गर्नु आवश्यक पर्दछ । तर हवाई साधनको व्यवस्था गर्नु पनि महँगो पर्दछ । नियमित उडान गराउन विविध समस्याका कारणले गर्दा अत्यन्त कठिन हुने भएता पनि त्यस्ता देशहरूमा स्थल यातायातभन्दा हवाई यातायात नै चाँडै व्यवस्था गर्न सकिन्छ ।

अत्यन्तै न्यून भूभागमात्र सुगम र अत्यधिक भूभाग दुर्गम रहेको हाम्रो राष्ट्रमा अझैसम्म पनि कतिपय सुगम मानिने ठाउँहरूमासमेत यातायात सेवा पुर्‍याउन सकिएको छैन । हिमाली र पहाडी भेगमा पर्ने धेरैजसो स्थानहरू यातायातको सुविधाबाट वञ्चित रहेका छन् । यो स्थिति राष्ट्रकै लागि लाजलाग्दो कुरा हो । विकासको गतिलाई तीव्र बनाउने हो भने नेपालका हिमाली र पहाडी भेगका सबै ठाउँमा यातायातको विस्तार गर्नु अत्यावश्यक देखिन्छ । हिमाली प्रदेशमा राजमार्गको निर्माण गर्नुपर्ने प्रस्ताव भर्खरै आएको छ । सरकारको इच्छाशक्ति, विश्वसनीयता र जनपरिचालन हुने हो भने यो काम कठिन र असम्भव हुँदै होइन । नेपालको पर्यटन विकासमा यातायातका यस्ता पक्षहरूले अहम् भूमिका खेल्न सक्छन् ।

नेपालको भूधरातललाई दृष्टिगत गर्दा हवाई यातायातलाई पर्यटन प्रवर्द्धनका लागि प्रयोग गर्नु हाम्रो आवश्यकता र चुनौती दुवै हो । यसका लागि सरकारी नियन्त्रणको नेपाल वायुसेवा निगमलाई सबल बनाउनु प्रथम कर्तव्य हुन आउँछ । आन्तरिक तथा बाह्य पर्यटकहरूलाई एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्नुमात्र होइन, यातायातको सुविधा नभएका ठाउँहरूमा उपभोग्य वस्तुको ढुवानी गर्नु पनि हवाई सेवाको कर्तव्य हो । हाम्रो जस्तो हिमालै हिमाल र पहाडै पहाडले भरिएको मुलुकलाई विदेशी पर्यटक भित्र्याएर विदेशी मुद्रा आर्जन गर्ने ठूलो अवसर हो । यसमा हवाइ यातायातको प्रमुख भूमिका रहन्छ । त्यसैले हवाई सेवाको उचित व्यवस्थापन गर्नु अत्यावश्यक छ । पर्यटन क्षेत्रबाट विदेशी मुद्रा आर्जन गर्न र राष्ट्रको उन्नति गर्न हामीलाई हवाई यातायातले सजिलो बनाउने छ ।

एकातिर नीति निर्माण तहमा रहेका व्यक्तिहरूको अदूरदर्शिताको कारणले गर्दा आन्तरिक तथा बाह्य दुवै प्रकारका पर्यटकहरूले समुचित सेवा पाउन सकिरहेका छैनन् भने अर्कातिर नेपालभित्रको आन्तरिक राजनीतिक द्वन्द्वबाहेक सीधा बाटो नपाएर पनि विदेशी पर्यटकहरू नेपाल आउन पाइरहेका छैनन् ।

अहिले परिस्थिति केही फेरिएको र राजनीतिक परिस्थिति पनि केही सङ्लो भएकोले अब पर्यटकहरूको संख्यामा उल्लेख्य रूपमा वृद्धि हुने आशा सबैमा पलाएको छ । विश्वका ठूला-ठूला वायुसेवा निगमहरूले उडान गर्ने दोहा, दमामसँग सीधा हवाई सम्पर्क भएकोले युरोप र अमेरिकाका पर्यटकहरू नेपाल आउन सजिलो भएको हुँदा पर्यटकको संख्यामा उल्लेख्यरूपमा अन्य देश भएर नेपालमा आउने पर्यटकहरूलाई सबभन्दा महँगो भाडादर पर्न आएता पनि पर्यटन आगमनमा वृद्धि हुने आशा पलाउनु पनि स्वाभाविकै हो । खाडी राष्ट्रहरूमा काम गरिरहेका करिब १० लाख नेपाली मजदुरको आवतजावतमा पनि यो उडानले सुविधा पुर्‍याएको छ । दुबई, दोहा, दमामसँग सीधा हवाई सम्पर्क भइरहेको कारणले गर्दा विदेशी पर्यटकहरूले भारत हुँदै नेपाल आउनुपर्ने बाध्यता पनि हट्न गएको छ । राष्ट्रका लागि यसलाई ठूलो उपलब्धि मान्नुपर्छ ।

पर्यटन व्यवसायका लागि सबैभन्दा ठूलो वरदान बनेको हवाई सेवाले विश्वलाई साँघुरो पार्दै एउटा सानो गाउँमा परिणत गराउन अहम् भूमिका खेलेको छ । यसैले गर्दा विश्वमा हवाई यात्रुहरूको संख्यामा क्रमशः बढोत्तरी भइरहेको छ । अहिले प्रत्येक वर्ष दशौं लाखभन्दा बढी व्यक्तिहरूले आन्तरिक हवाई यात्रा गरिरहेका छन् । हवाई सेवाकै कारणले पर्यटनलगायत सबै मुख्य बजारले उच्च वृद्धि हासिल गरेका छन् । हवाई सेवाकै कारणले चीन, हङकङ, इटाली र जर्मनीले आफ्ना उत्पादनहरू दोब्बरकै संख्यामा वृद्धि गरिसकेका छन् ।

विश्व पर्यटन बजारको आम्दानीमा वृद्धि भई अर्बौं डलरको हाराहारीमा पुगिसकेको छ । दक्षिण एसियाले कूल आम्दानीको एक प्रतिशतमात्र पाउन सकेता पनि यसबाट युरोप र अमेरिकाको आम्दानीमा मनग्गे वृद्धि भएको छ । चीनले पनि उल्लेखनीय वृद्धिको सफलता हात पारिसकेको छ । नेपालले पनि हवाई सेवाबाट आय-आर्जन गर्ने त गरिरहेको छ, तर राजनीतिक द्वन्द्व, राजनीतिक हस्तक्षेप र समुचित व्यवस्थापनको अभावले गर्दा अपेक्षित लाभ लिन सकिरहेको छैन । विदेशी पर्यटकहरूको संख्यामा गिरावट आई भारतबाट नेपाल आउने पर्यटकसमेत प्रशस्त संख्यामा कमी आइदिएकाले पनि नेपाललाई केही समस्या देखापरेको छ । अहिले वार्षिक सालाखाला १८० लाख डलरमात्र पर्यटन व्यवसायबाट नेपालले आम्दानी गर्ने गरेको छ ।

सन् १९९० को दशकदेखि हवाई यात्रुहरूको संख्या विश्वमा नै बढिरहेको छ । सडक यात्रालेभन्दा हवाईयात्राले पर्यटकलाई बढी सुविधा दिएको छ । हवाई यात्राको प्रतिशत लगातार बढिरहेको छ । हवाई यातायातका क्षेत्रमा यो शुभ संकेत हो । युरोपबाहेक अरू सबै क्षेत्रको पर्यटक परिवहनमा हवाई यातायातको प्रयोग ५० प्रतिशतभन्दा बढी नै हुने गरेको छ । विश्वभरका कूल १.८ अर्ब पर्यटकले हवाई यातायातमार्फत आफ्नो यात्रा तय गर्ने गरेका छन् । उता एसिया र प्रशान्त क्षेत्रका हवाई सेवाहरूले आफ्नो परिवहन क्षमता झण्डै १० प्रतिशतले बढाएका छन् । यिनलाई ८० प्रतिशतको विश्वव्यापी अनुमानकोभन्दा अलि बढी नै अर्थात् ८५ प्रतिशत यात्रु भार प्राप्त भइरहेको छ ।

विश्वमा हवाई यातायातको विकास क्रम सँगसँगै हवाई यात्राको लागत कम गर्ने पद्धतितिर पनि ध्यान दिन थालिएको छ । आगामी दिनहरूमा हवाई सेवा र पर्यटनमा अरू चाप थपिई चर्को प्रतिस्पर्धा हुने स्थिति भएकोले लागत कम गर्नेतर्फ ध्यान जान थाल्नु स्वाभाविक पनि हो ।

यस क्षेत्रमा ठूला-ठूला एयरक्राफ्ट जस्तैः बोइङ ७४७-७७७ देखि एयरबस ३३० सम्म त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलमा उत्रिन थालेका छन् । अब बढ्दो परिवहन धान्न विमानस्थलहरूको धावनमार्गलाई पनि अझै स्तरोन्नति गर्नुपर्ने भएको छ । यसका साथसाथै द्रुत टिकेटिङ र उच्च अनुगमनको सुविधा पनि पूरा गर्नुपर्ने भएको छ । पर्यटकीय कागजातको द्रुत व्यवस्थापनको जरुरीसमेत पर्ने भएको छ । इन्टरनेटको व्यापक प्रयोग गरी समयानुकूल हुनु पनि आवश्यक छ भने ट्राभल एजेन्टहरूले प्रविधियुक्त हुनु पनि जरुरी छ । औजार व्यवस्थापन त्यसैअनुसार हुनुपर्ने अर्को आवश्यकता हो । वैकल्पिक वा इच्छाधीन सेवाहरूको पर्याप्तताले गर्दा सोहीअनुरूप यात्रुहरूले पनि बढी मोलाहिजा र बार्गेनिङ गर्ने हुनाले त्यसप्रतिको भूमिका पनि साँच्चै महत्त्वपूर्ण हुने कुरा स्पष्टै छ ।

परिस्थिति यसरी अघि बढ्दै गइरहेको भएता पनि अस्वस्थ प्रतिस्पर्धाले गर्दा हवाई सेवाकै क्षमता घटाएको अनुभव पनि गर्नुपरेको छ । लागतको तुलनामा गुणस्तरीय सेवा घट्दै गइरहेको अनुभव पनि हुन थालेको छ । आन्तरिक सेवा अपरेटरहरूले गठबन्धनतर्फ ध्यान नपुर्‍याएकाले यो समस्या खडा भएको भनाइ सम्बन्धित विज्ञहरू व्यक्त गर्न थालेका छन् । युक्तिसंगत र राम्रो वित्तीय नीति लिएर द्वेष र दम्भलाई हटाउने हो भने तथा अनियमितताले कुनै अस्तव्यस्तता नल्याओस् भन्ने हेतुले सम्बन्धित सरकारहरूले आकाशमा नियम लगाउने हो भने यो समस्याबाट मुक्ति पाउन सकिन्छ भन्ने खालका सुझावहरू सम्बन्धित सरकारहरूलाई दिन थालिएको छ ।

नेपालको पर्यटन व्यवसायलाई अग्रगति दिनका लागि नेपाल वायुसेवा निगम, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल पर्यटन बोर्ड, निजीस्तरका हवाई कम्पनीहरू तथा विभिन्न ट्राभल एजेन्सी, यातायात व्यवसायी र होटलहरूको महत्त्वपूर्ण भूमिका रहेको कुरामा कुनै द्विविधा छैन । अन्य संघसंस्थाहरूको पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सम्बन्ध रहेको छ । तर सम्बन्धित सम्पूर्ण निकायहरूबीच आवश्यक समन्वय र सामञ्जस्य हुन नसक्दा त्यसले पर्यटन व्यवसायलाई असर पारेको छ । अस्वस्थ प्रतिस्पर्धाको कारणले लक्ष्य प्राप्तिमा कठिनाइ भइरहेको छ ।

सरकारी नीति निर्धारण गर्नेहरू, चालक दल, हवाई कम्पनीमा काम गर्ने कर्मचारीहरू, हवाई कम्पनीका मालिकहरू, सरकारी निगमको व्यवस्थापन पक्षसँग सम्बन्धित व्यक्तिहरू र उड्डयनसँग सम्बन्धित व्यक्तिहरूका दृष्टिकोणमा समन्वय र सामञ्जस्य ल्याउन नसकेसम्म (ट्रेकिङ एजेन्सी, नेपाल पर्वतारोहण संघ, होटल एसोसिएसनहरूबीचको असामान्यजस्यता जस्तै) र राष्ट्रिय हितमा ती सबैलाई प्रयोग गर्न नसकेसम्म आन्तरिक र बाह्य दुवै पर्यटनको एवं पर्यटन व्यवसायकोसमेत भविष्य उज्ज्वल बनाउन अत्यन्त कठिन पर्ने देखिन्छ ।

नेपालको अधिकांश भूभाग पहाड र पर्वतले भरिएको छ । त्यसैले यहाँ उड्डयनको विशेष महत्त्व छ । नेपालमा हाल ६० वटा विमानस्थल छन् र तीमध्ये २५ वटा विमानस्थलको कालोपत्र भएको छ, ३५ वटा कच्ची विमानस्थल छन् । जसमध्ये राति पनि आठ वटा विमानस्थलमा उडान गर्न सक्ने भएका छन्, ती सबै विमानस्थलहरूलाई संरक्षण गरेर समुचित ढंगले उपयोग गर्ने हो भने त्यसले नेपालको पर्यटन क्षेत्रलाई पर्याप्त लाभ पुर्‍याउने छ । आगामी दिनमा नेपालमा विदेशी पर्यटकको संख्या बढ्ने कुरा निश्चित प्रायः भएकाले विमानस्थलहरूलाई जुनसुकै समयमा पनि प्रयोग गर्न सकिने स्थितिमा राखिरहनु आवश्यक छ ।

भैरहवा र पोखरा विमानस्थलमा जतिसक्दो छिटो अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्नु अति आवश्यक छ । त्यसबाहेक नेपालमा पूर्णरूपले व्यवस्थित रहेको अन्तर्राष्ट्रिय विमानस्थल अत्यन्त आवश्यक भइसकेको छ । यस कुरामा कसैमा विवाद नरहेता पनि त्रिशूली, बनेपा, भक्तपुर, सिमरा, भरतपुरजस्ता स्थानमा चौथो अन्तर्राष्ट्रियस्तरको विमानस्थल बन्नुपर्दछ ।

अर्कोतिर नेपाल वायुसेवा निगमले पर्यटकहरूको कमी हुने जुनसुकै मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गर्नुको सट्टा पर्यटक बढी हुने मुलुकहरूसँग बढी सम्बन्ध विस्तार गर्ने हो भने ४२ वटा मुलुकको सट्टा त्योभन्दा कम मुलुकसँग भएको द्विपक्षीय हवाई सम्झौताले पनि नेपालको पर्यटन व्यवसायलाई ठूलो टेवा पुग्ने छ ।

नेपालको बारेमा समाचारहरू सम्प्रेषण गर्दा नवीन पद्धतिअनुरूप आकर्षक रूपबाट विदेशीहरूलाई समाचार सम्प्रेषण गर्नु आवश्यक छ । विदेशमा रहेका निगमका कार्यालयहरूको व्यवस्थापन र अन्य पक्षमा कुनै कमजोरी रहेका छन् भने तिनलाई सुधार गरेर ती कार्यालयहरूमार्फत निगम र नेपालका विषयमा उचित र जानकारीमूलक समाचारहरू सम्प्रेषण गर्न सकिन्छ । ती कार्यालयहरूको प्रभावकारी भूमिकाबाट पनि नेपालले प्रशस्त वैदेशिक मुद्रा आर्जन गर्ने सम्भावना रहन्छ । सरकारले पर्यटन उद्योगलाई मुलुकमा अन्य उद्योगसरह प्रेरणा, नीतिगत सुरक्षा र सुविधा उपलब्ध गराई पूर्णमान्यता दिनुपर्छ । निजी क्षेत्रसँगको कार्यगत सम्बन्ध सुदृढ बनाउँदै सरकारले मुलुकमा सर्वसाधारण जनता, उद्योग एवं पर्यटन क्षेत्रमा शान्ति सुरक्षाको प्रत्याभूति दिनुपर्छ । पर्यटनसँग सम्बद्ध व्यावसायिक सेवालाई प्रस्टरूपले परिभाषित गरी एकअर्काको क्षेत्रमा अनधिकृतरूपमा गर्ने गरेका व्यावसायिक क्रियाकलापहरूको अविलम्ब अन्त्य गराउनेतर्फ पनि सरकार संवेदनशील हुनु आवश्यक छ ।

> "सरकारले पर्यटन उद्योगलाई मुलुकमा अन्य उद्योगसरह प्रेरणा, नीतिगत सुरक्षा र सुविधा उपलब्ध गराई पूर्णमान्यता दिनुपर्छ । निजी क्षेत्रसँगको कार्यगत सम्बन्ध सुदृढ बनाउँदै सरकारले मुलुकमा सर्वसाधारण जनता, उद्योग एवं पर्यटन क्षेत्रमा शान्ति सुरक्षाको प्रत्याभूति दिनुपर्छ । पर्यटनसँग सम्बद्ध व्यावसायिक सेवालाई प्रस्टरूपले परिभाषित गरी एकअर्काको क्षेत्रमा अनधिकृतरूपमा गर्ने गरेका व्यावसायिक क्रियाकलापहरूको अविलम्ब अन्त्य गराउनेतर्फ पनि सरकार संवेदनशील हुनु आवश्यक छ ।

नेपालभित्र रहेका गन्तव्यस्थलहरूमध्ये सम्बन्धित व्यवसायीहरूबाट समुचित सम्भाव्यता अध्ययन गराई नयाँ गन्तव्यस्थलहरूको प्रोफाइल तयार पारी तिनलाई प्रचारप्रसार गराउने हो भने त्यसले पनि धेरै फाइदा पुर्‍याउने छ । पर्यटन प्रवर्द्धन गर्दा अन्तर्राष्ट्रिय परिप्रेक्ष्यलाई मात्र होइन, क्षेत्रीय प्रतिस्पर्धालाई पनि ध्यान दिँदै तदनुरूपको नीति निर्माण गर्नुका साथै अन्य सम्भावित मुलुकहरूमा बजार प्रवर्द्धन गर्नुपर्छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक स्वरूप एवं सुविधाको विकासका लागि अविलम्ब उपयुक्त कदमहरू चालिनुपर्छ र खुला आकाश नीतिलाई कागजमामात्र सीमित नराखी नियमित उडानहरूलाई प्राथमिकता दिई थप सुविधा र सहुलियत प्रदान गरिनुपर्छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले (हाल पार्किङ गरेर राखेको स्थान) पूर्वतर्फको खाली जग्गालाई आन्तरिक उडान गर्न सानातिना जहाजलाई उडान गर्न सक्नेगरी व्यवस्थित गर्न सकिन्छ । गुह्येश्वरीतर्फ हाल पार्किङ गरी राखेका जहाजहरू राख्न सकिन्छ र नेपाल आयल निगमको तेल भण्डारलाई तीनकुनेतर्फ सार्न सकिन्छ भने दक्षिणतर्फको हालको विमानस्थललाई लम्बाइतर्फ गरी १५ वटा विमान पार्किङ क्षेत्रबाट २० देखि २५ वटासम्म विमान व्यवस्थित तवरले राख्न सकिन्छ । तसर्थ प्राधिकरणले यसतर्फ पनि तत्काल ध्यान पुर्‍याउनु आवश्यक छ । साथै, हाल सञ्चालन गर्दै आइरहेको धावनमार्गलाई लम्ब्याउन पनि अति अवाश्यकता भइसकेको छ । नेपाल सरकारले सक्दो चाँडै तीनकुनेबाट जडीबुटीसम्म अण्डर पास मार्ग तयार गनका लागि प्रधानमन्त्री, पर्यटनमन्त्री तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले र सडक विभागले पहल गर्नु अति आवश्यक भइसकेको छ ।

आन्तरिक हवाई उडानमा यात्रुहरूको सुरक्षाको प्रत्याभूति दिनुका साथै निजी क्षेत्रबाट सञ्चालन हुने हवाई कम्पनीहरूलाई थप इजाजत दिनेतर्फ नियन्त्रण गर्ने र सुरक्षा मापदण्डमा कमजोरी पाइए कडा कारबाही गर्ने व्यवस्था गरिनु आवश्यक छ । प्राधिकरणमा उडान र पार्किङ क्षेत्र अनुमति लिई र पार्किङ गर्नुपर्ने स्थानमा पार्किङ नगर्ने र उडान पनि नगरी निजी क्षेत्रका हवाई कम्पनीले कार्य गर्दै आइरहेको हुनाले काठमाडौं विमानस्थलमा पार्किङको चाप हुँदै गइरहेको छ । त्यसकारण त्यस्ता निजी कम्पनीलाई जे जस्तो अनुमति लिएको छ सोहीअनुसार कार्य गर्न लगाउनु प्राधिकरणको दायित्व हो ।

आन्तरिक उडान सेवाहरूबीचको अस्वस्थकर प्रतिस्पर्धा हटाउनुपर्छ । तर यसका लागि समयानुकूल, दिगो र दीर्घकालीन परिप्रेक्ष्यमा राष्ट्रिय पर्यटन नीति बनाउनु आवश्यक छ । निजी क्षेत्रका पर्यटनसँग सम्बन्धित संघसंस्थाहरूको समानुपातिक प्रतिनिधित्वका आधारमा सामञ्जस्य राखी काम गर्नु पनि आवश्यक छ । सरकारले सबैको सहमति र सामञ्जस्यमा राष्ट्रिय पर्यटन नीति बनाई त्यसलाई कडाइका साथ लागू गर्ने हो भने नेपालमा पर्यटन क्षेत्रको विकास नहुने कुरै छैन ।




**पहिरोले रोकिएका गाडी** | राप्ती लोकमार्गअन्तर्गत तुलसीपुर-सल्यान सडक खण्डको कपुरकोटमा मंगलबार गएको पहिरो हटाउने क्रममा रोकिएका गाडी । *तस्बिर: रासस*

# घोडेपानी–पुनहिलमा पर्यटकीय पूर्वाधार विस्तार

**म्याग्दी–** म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको प्रमुख पर्यटकीयस्थल घोडेपानी-पुनहिलमा पर्यटकीय पूर्वाधार विस्तार भएको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ मा अन्नपूर्ण गाउँपालिकाले विनियोजन गरेको २७ लाख रूपैयाँ र गण्डकी प्रदेश सरकारको पाँच लाख रूपैयाँ बजेटबाट साइकल मार्ग, पदमार्ग, सार्वजनिक शौचालय, बसपार्क निर्माण भएको हो । अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले पुनहिल-घोडेपानी क्षेत्रको पर्यटन पूर्वाधार विस्तारका लागि बजेट विनियोजन भएका सबै योजना कार्यान्वयन भएका जानकारी दिए ।

'घोडेपानी र पुनहिल घुम्न आउने पर्यटकको बसाइ लम्ब्याउने उद्देश्यले सहायक गन्तव्यको पहिचान र पूर्वाधार विस्तारको कामलाई निरन्तरता दिएका छौं,' उनले भने, 'विस्तार भएका पूर्वाधारले पर्यटकलाई सहज हुने छ ।'

अन्नपूर्ण गाउँपालिकाले चालु आव २०८२/८३ मा विनियोजन गरेको छ लाख रूपैयाँ बजेटबाट पुनहिलदेखि लुङलुङ सिद्ध, लालीगुराँसपार्क हुँदै घोडेपानीको फलेघर जोड्ने चार किलोमिटर साइकल मार्ग निर्माण भएको छ ।

समुद्री सतहदेखि तीन हजार २१० मिटर उचाइमा रहेको पुनहिलदेखि हिमाल हेर्दै गुराँसे जंगलभित्र साइकलमा साहसिक र रोमाञ्चक यात्रा गर्न पाइन्छ । गाउँपालिकाको १४ लाख रूपैयाँ बजेटबाट लालीगुराँस पार्क




जोड्ने पदमार्ग, प्रवेशद्वार र सार्वजनिक शौचालय निर्माण भएको छ ।

उपभोक्ता समितिका अध्यक्ष रनबहादुर पुनले पदमार्गको हिलो हुने ठाउँमा करिब ३०० मिटर ढलान गरेर पक्की पदमार्ग बनाइएको बताए । यसैगरी चार लाख रूपैयाँ बजेटबाट देउराली डाँडामा ४० मिटर ढुंगा बिछ्याएर पदमार्ग बनाइएको छ । तीन लाख रूपैयाँ बजेटबाट तल्लो घोडेपानीमा बसपार्क निर्माण भएको छ । समुदायको अगुवाइमा यसै वर्ष घोडेपानी हुँदै कास्कीको उल्लेरी सडक सञ्जालमा जोडिएको थियो ।

गण्डकी प्रदेश सरकारले विनियोजन गरेको पाँच लाख रूपैयाँ बजेटबाट घोडेपानीदेखि घान्द्रुक जाने पदमार्ग निर्माण योजना पनि सम्पन्न भएको वडाध्यक्ष खड्काले जानकारी दिए । गण्डकी प्रदेश सरकारको तीन करोड रूपैयाँ बजेटबाट चित्रेदेखि घोडेपानी जोड्ने चार किलोमिटर सडक ग्राभेल गर्ने योजना निर्माणाधीन छ ।

घोडेपानी र पुनहिल क्षेत्रलाई केन्द्रित गरेर यसअघि लालीगुराँस पार्क, पेरीभारानी ताल जोड्ने घोडामार्ग सञ्चालन गरिएको थियो । सडकका कारण पुराना पदमार्ग विस्थापित भएको अवस्थामा पर्यटकको बसाइ लम्ब्याउनका लागि पर्यटकको चाहनाअनुसार राम्चे-काफलडाँडा, हिस्तान टिकोट, शिख, खिवाङ जोड्ने साइकलमार्गको पनि सम्भाव्यता अध्ययन गरिएको अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्षसमेत रहेका घोडेपानीका बासिन्दा डमबहादुर पुनले बताए ।

घोडेपानीदेखि ४५ मिनेट उकालोमा पदयात्रा गरेपछि पुगिने पुनहिलबाट गुर्जा, पुथा, मानापाथी, नीलगिरि, अन्नपूर्ण र माछापुच्छ्रे हिमशृंखलाको दृष्यावलोकन गर्न सकिन्छ । घोडेपानी-पुनहिल विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख पर्यटकीय गन्तव्य हो । *रासस*


स्थानीय सरकार

## ईन्द्रावती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

### स्पष्टीकरण पेश गर्ने बारेको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/03/१७**

यस कार्यालय अन्तर्गत देहाय बमोजिमको ठेक्का शीर्षकमा सम्बन्धित निर्माण कम्पनीले सम्झौता अनुसारको निर्माण कार्य शुरू नगरी र शुरू गरेको कार्य समेत कार्य सम्पन्न नगरी सम्पर्कबिहिन रहेको र निर्माण स्थलमा कुनै कार्य भएको नपाईएको सन्दर्भमा कार्यालयद्धारा विभिन्न मितिमा तोकिएको समयभित्र कार्य सम्पन्न गर्न पटक-पटक मौखिक र लिखित रूपमा ताकेता तथा सचेत गराउँदा समेत अटेर गरेको कार्यप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । अ:त सम्झौता अनुसार स्वीकृत कार्य सम्पन्न गर्ने र गराउनेतर्फ आवश्यक अग्रसरता तथा चासो नदेखिएको, विभिन्न मितिको बैठकमा गरेको प्रतिबद्धता पालना नगरेको, स्वघोषित कार्य तालिका अनुसार अपेक्षित प्रगति हासिल नगरेको, निर्माण कार्य अलपत्र पारी चरम लापरभाही गरेको हुँदा यो सार्वजानिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्झौताको शर्तानुसार कारवाही प्रक्रिया अगाडी बढाउनु नपर्ने कुनै उचित कारण भए प्रमाण सहितको स्पष्टिकरण पत्र निर्माण कार्य सम्पन्न गर्ने संशोधित कार्य तालिका सहित सम्बन्धित आधिकारिक व्यक्ति कार्यालयमा उपस्थित हुन यो सार्वजानिक सूचना जारी गरिएको छ । यो सूचनाको वेवास्ता गरी १५ (पन्ध्र) दिनभित्र सम्पर्कमा नआएको वा पेश गरिएको उचित कारण तथा पुष्टयाई र प्रमाण नियम सङ्गत मनासिव वा चित्त बुझ्दो नभएको खण्डमा सम्झौतामा भएको शर्त तथा सार्वजानिक खरिद ऐन तथा नियमावली अनुसार आवश्यक कारवाही प्रक्रिया तत्काल अगाडी बढाईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

| क्र.सं. | आयोजनाको नाम | ठेक्का नं | सम्झौता मिति | ठेक्का म्याद रहेको मिति | सम्बन्धित निर्माण व्यवसायीको नाम र ठेगना |
|---|---|---|---|---|---|
| १ | सिमपानी मोड हुदै भारती गाउ गडरे सडक स्तरोउन्नती, ईन्द्रावती -२, सिन्धुपाल्चोक | IRMSI/W/NCB/ 082/083-10 | २०८२/०९/१६ | २०८३/०२/१५ | श्री सिंहमती कन्स्ट्रक्सन एण्ड सप्लायर्स, ईन्द्रावती-३, सिन्धुपाल्चोक श्री सुनिल तामाङ (आधिकारिक प्रतिनिधी) |
| २ | डाडागाउ पाडामरूवा पाटीगाउ देवीथान लामाटोल मुले पदमार्ग निर्माण ईन्द्रावती-४, सिन्धुपाल्चोक | IRMSI/W/NCB/ 082/083-21 | २०८२/११/१४ | २०८३/०२/१५ | |
| ३ | पदेली दोबाटो सडक ईन्द्रावती ७, सिन्धुपाल्चोक | IRMSI/W/NCB/ 082/083-07 | २०८२/०९/१६ | २०८३/०२/१५ | |

**प्रमुख प्रशासकीय अधिकृत**



आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो !
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो !!

## भावपूर्ण श्रद्धाञ्जलि



जन्म : **बि.सं. २०१६**

स्वर्गारोहण : **बि.सं. २०८३/०३/०५**

**स्व. हिरालाल तामाङ (भाबु)**

**नेपाल पत्रकार महासंघ ललितपुर शाखा**का राष्ट्रिय परिषद् सदस्य श्री अञ्जली तामाङका बुबा तथा सदस्य डिलबहादुर थोकर (ग्याम्जो)का ससुराबुबा **हिरालाल तामाङ (भाबु)** को २०८३ असार ०५ गते शुक्रबारका दिन स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जलि** अर्पण गर्दछौं । उहाँको निधनले नेपाल पत्रकार महासंघ ललितपुर शाखा मर्माहत भएको छ । साथै यस दुःखद् घडीमा परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल पत्रकार महासंघ**
ललितपुर जिल्ला शाखा परिवार
ललितपुर



## केरुङ्ग बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**का.म.न.पा वडा नं.२७ महाबौद्ध, फोन नं. ०१-५३५०६४९**
**केरुङ्ग बचत तथा ऋण सहकारी संस्था लिमिटेडको का.म.न.पा वडा नं.२७ महाबौद्ध, काठमाडौं**

### धितोमा रहेको चलअचल श्री सम्पत्तिहरू लिलाम विक्री गर्नेसम्बन्धी ३५ दिने सूचना

(**सूचना प्रकाशित मिति : २०८३/०३/१७ गते**)

यस केरुङ्ग बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा तपशीलमा उल्लेखित ऋणीहरूले संस्थाबाट उपभोग गर्नु भएको कर्जा रकम संस्थासँग गर्नु भएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि संस्थाबाट पटक-पटक मौखिक तथा लिखित ताकेता गर्दा तथा ऋण कर्जा चुक्ता गर्न **३५ (पैतिस) दिने** सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण तिर्नेतर्फ पूर्ण बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल समेत नगरेको हुनाले र मिति २०८०/०५/१३ गते पत्रिकामा **३५ (पैतिस)** दिने सर्वजनिक सूचना, प्रकाशित गरी ऋणीहरू समेतलाई सुचित गर्दा समेत ऋणको साँवा ब्याज चुक्ता भुक्तानी गर्नेतर्फ कुनै चासो नदेखाएकोले सुरक्षण बापत संस्थाको नाममा लेखी दिएको चल-अचल सम्पत्ति जहाँ जे-जस्तो अबस्थामा छ सोही अबस्थामा लिलाम बिक्री गरिने भएकोले सर्बसाधारणको जानकारीको लागि यो ३५ (पैंतिस) दिने लिलाम बिक्री सार्वजनिक सूचना प्रकाशित गरी गोप्य सिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३६ औ दिनमा यस संस्थामा दिउँसो ३ बजे गोप्य सिलबन्दी (टेण्डर) खोलिने छ । सो अवधिमा इच्छुक महानुभावहरूले गोप्य सिलबन्दी बोलपत्र आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फाराम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४ को दफा ७९ तथा सहकारी नियमाबली २०७५ को नियम ३० बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको अन्य चल-अचल सम्पत्तिबाट प्रचलित कानून बमोजिम लेना रकम असुल गरी ऋणी, ऋणीका एकाघरका परिवार तथा सम्बन्धित जमानीकर्तालाई यसै सूचनाद्धारा जानकारी गराइन्छ । साथै यस सूचना बमाजिम लिलाम बिक्री हुन नसकेको धितो रोक्का सम्पत्तिहरू संस्था आफैले लिन सक्ने ब्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

| सि.नं | ऋणीको विवरण | धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्तिको विवरण |
|---|---|---|
| १. | **नाम : मनोज कुमार खड्का**<br>**बुबा** : नरेन्द्र राज खड्का<br>**बाजे** : वखत बहादुर खड्का<br>**ठेगाना** : जिल्ला खोटाङ, साविक सप्तेश्वर गा.बि.स. **वडा नं**. ३, नागरिकता नं.१००९६,<br>**जारी मिति** : २०५०/११/०६ मोरङ,<br>**कर्जा शीर्षक** : व्यावसायिक धितो कर्जा | मालपोत कार्यालय मोरङ विराटनगरमा दर्ता कायम रहेको साविक बनिगामा गा.वि.स.वडा नं.२, कित्ता नम्बर ३७६ को क्षेत्रफल ०-४-६-३ विगाहा/१४६८।८५ व.मि. जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | **नाम : कृष्ण गिरी**<br>**बुबा** : हरिनन्द गिरी<br>**बाजे** : चुडामणि गिरी<br>**ठगाना** : जिल्ला चितवन, साविक चैनपुर नगरपालिका वडा नं.८<br>**नागरिकता नं.** ८१५६/०६२<br>**जारी मिति** : २०६२/०४/१७ चितवन,<br>**कर्जा शीर्षक** : व्यवसायिक धितो कर्जा | मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता कायम रहेको साविक चैनपुर गा.वि.स.वडा नं.१, कित्ता नम्बर ९५३ को क्षेत्रफल ०-०-०-० विगाहा/१४८.९५ व.मि.जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३. | **नाम : रविना कुमारी रेग्मी**<br>**पति** : निरज अधिकारी<br>**बुवा/ससुरा** : काशीनाथ रेग्मी/ युवराज अधिकारी<br>**ठेगाना** : जिल्ला महोत्तरी, साविक हाथीलेट गा.बि.स.वडा नं.३,<br>**नागरिकता नं.** १८३०७२/६४<br>**जारी मिति** : २०६३/१०/२४ महोत्तरी,<br>**कर्जा शीर्षक** : व्यावसायिक धितो कर्जा | मालपोत कार्यालय बर्दिबासमा दर्ता कायम रहेको साविक २५ नं.बहादुर गञ्ज गा.वि.स.वडा नं.३, कित्ता नम्बर १९७८ को क्षेत्रफल ०-०-५-० विगाहा/८४। ६६ व.मि. जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**लिलाम बिक्रीको जानकारी एवं शर्तहरू :**

१. गोप्य सिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी वापल यस संस्थाको नाममा खिचिएको कुनै पनि बैंकको सक्कलै ड्राफ्ट/गुडफर पेमेन्ट चेक/ नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
२. बोलकबोल फाराम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल-अचल सम्पति दिने वा नदिने सम्पूर्ण लधिकार यस संस्थामा सुरक्षित रहने छ ।
३. लिलाम सकार गर्ने ब्यक्तिले बाँकी रकम संस्थाले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा यस संस्थामा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रमक स्वत: जफत् हुनेछ ।
४. लिलाम बिक्रि भएको चल-अचल सम्पती जे-जस्तो अबस्थामा छ सोही अबस्थामा सकार गर्नु पर्ने छ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य सिलबन्दी लिलाम खोलिने छ ।
६. सहकारी संस्था ऐन २०७४ को दफा ७९ तथा सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम लिलाम बिक्रि गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी संस्थालाई चित्त बुझ्दो नभएमा यस संस्था उक्त सम्पत्तिको स्वामित्व लिन सक्नेछ ।
७. उक्त लिलाम राखेको चल-अचल सम्पत्ति नामसारी, दाखिला खारेज, रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दै-दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदी सकार गर्ने ब्यक्ति आफैले लिनु पर्नेछ ।
८. लिलाम बिक्री हुने चल-अचल सम्पत्तिको सम्बन्धित कागजातहरू हेर्न वा अन्य कागजातहरू हेर्न वा थप जानकारी लिन चाहनु हुने महानुभाबहरूले संस्थाको कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति** : २०८३/०४/२० गते बुधबार
**स्थान** : केरुङ्ग बचत तथा ऋण सहकारी संस्था लिमिटेड, का.म.न.पा वडा नं.२७, महाबौद्ध
**समय** : दिनको ३:०० बजे

**सम्पर्क नं. ०१-५३५०६४९, ०१-५९०३३४९, इमेल : kerungsaccos1@gmail.com**

प्रभाव दैनिक




### 'जलाकी' मङ्सिर ४ बाट प्रदर्शनमा आउने

फिल्म 'जलाकी' आगामी मङ्सिर ४ गतेबाट देशभर प्रदर्शनमा आउने भएको छ। निर्माण युनिटले असार १५ धान दिवसको अवसर पारेर फिल्मको दुई पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो। सार्वजनिक पोस्टरमा फिल्मका मुख्य कलाकार सोनाम तोप्देन र उपासनासिंह ठकुरीलाई दुई भिन्न मनोविज्ञानमा प्रस्तुत गरिएको छ। सुपरहिट फिल्म 'खुस्मा' का निर्देशक अशोक थापा मगरकै निर्देशन रहेको फिल्म मगर समुदायको कथामा बनेको हो। एम मिडिया प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्म सोनाम तोप्देन र उपासनासिंह ठकुरीसँगै शिल्पा मास्के, माओत्से गुरूङ, बुद्धि तामाङ, अस्तित्व भट्टचन, साहारा हाङमा लिम्बू, रजनी गुरूङ, राजु रेग्मी मगर, उषा खड्कीलगायतको अभिनय छ।



बुधबार, १७ असार २०८३ (Wednesday, 1 June 2026)

# 'चलचित्र उद्योगलाई सुदृढ बनाउन सरकार तयार छ'

■ प्रभाव संवाददाता



**काठमाडौं –** सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले नेपाली चलचित्र उद्योगका समस्या, चुनौती र अपेक्षाप्रति सरकार संवेदनशील रहेको बताएका छन्। चलचित्र विकास बोर्डको २६औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले चलचित्र क्षेत्रको वास्तविक आवश्यकतालाई सम्बोधन गर्ने कानुन, नीति र कार्यक्रममार्फत उद्योगलाई सुदृढ बनाउन सरकार तयार रहेको बताए।

सञ्चारमन्त्री डा तिमिल्सिनाले चलचित्र विकास बोर्डले यस क्षेत्रको अभिभावकीय भूमिका बहन गर्नुपर्नेसमेत आवश्यकता औंल्याए। बोर्डका योजना, कार्यक्रम र बजेटले प्रत्यक्ष रूपमा चलचित्र उद्योगलाई कसरी लाभ पुर्‍याउँछ भन्ने विषयलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने उल्लेख गर्दै सञ्चारमन्त्री डा. तिमिल्सिनाले चलचित्र क्षेत्र समृद्ध र सन्तुष्ट भएमा मात्रै बोर्डको सफलता अर्थपूर्ण हुने धारणा राखे। बोर्डले आगामी आर्थिक वर्षका लागि बजेट बनाइरहेको परिप्रेक्ष्यमा चलचित्रकर्मीको भावना समेट्नेगरी योजना बनाउन पनि उनले आग्रह गरे।

संसद्मा विचाराधीन रहेको चलचित्र विधेयकलाई समयसापेक्ष, व्यावहारिक र चलचित्र उद्योगको वास्तविक आवश्यकताअनुकूल बनाउन सबै सरोकारवालासँग सुझाव लिइने पनि सञ्चारमन्त्री डा तिमिल्सिनाको भनाइ छ। 'चलचित्र विधेयकमा यस क्षेत्रका सरोकारवाला सबैको सुझाव आवश्यक छ। चलचित्रकर्मीका अहिलेका आवश्यकता र चाहनालाई सम्बोधन गर्ने बलियो कानुनी दस्तावेज तयार गर्न सबैले आआफ्नो क्षेत्रबाट भूमिका खेल्नुपर्छ', उनले भने। चलचित्र क्षेत्रले अपेक्षा गरेअनुसारको ऐन निर्माण गर्न सरकार प्रतिबद्ध रहेको दोहोर्‍याउँदै उनले निरन्तर संवाद र सहकार्यबाट मात्र प्रभावकारी कानुन बन्न सक्ने विश्वास व्यक्त गरे।

चलचित्रकर्मीसँग नियमित छलफल गर्दै आवश्यक नीतिगत र संरचनात्मक सुधार अघि बढाइने सञ्चारमन्त्री डा. तिमिल्सिनाले स्पष्ट पारे। उनले नेपाली चलचित्र उद्योगले कठिन परिस्थितिका बाबजुद निरन्तर प्रगति गरिरहेको उल्लेख गर्दै त्यसको श्रेय अग्रज चलचित्रकर्मीको अथक योगदानलाई दिए। 'पुराना पुस्ताका चलचित्रकर्मीको निरन्तर संघर्ष र समर्पणकै कारण नेपाली चलचित्र आजको अवस्थासम्म आइपुगेको हो', उनले भने। साथै चलचित्र क्षेत्रको इतिहास, विकासक्रम र योगदानलाई दस्तावेजीकरण गर्न अनुसन्धानमा आधारित लेख, पुस्तक तथा अध्ययन प्रकाशनमा पनि जोड दिन आवश्यक रहेको धारणा राखे।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले लोकतान्त्रिक व्यवस्थामा प्रत्येक क्षेत्रले नागरिकको विश्वास जित्नुपर्ने उल्लेख गर्दै चलचित्र क्षेत्र त्यसबाट अलग रहन नसक्ने बताए। विभिन्न लोकतान्त्रिक आन्दोलनमा चलचित्र क्षेत्रको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै उनले यस क्षेत्रले नागरिकको आशाअनुसार काम गर्न सक्नुपर्ने बताए। चलचित्र उद्योगलाई आर्थिक रूपमा अझ सक्षम बनाउन चलचित्रकर्मीले स्वस्थ प्रतिस्पर्धा, पारस्परिक सहयोग र सहकार्यको संस्कृतिलाई बलियो बनाउन आग्रह गरे। 'एक-अर्कालाई सहयोग गरेर अघि बढ्नुहोला। चलचित्र उद्योग बलियो भयो भने त्यसको प्रत्यक्ष लाभ कलाकार, प्राविधिक, निर्माता, वितरकदेखि राज्यसम्म सबैलाई पुग्छ', उनले भने।

समारोहमा सञ्चार सचिव लक्ष्मी कुमारी बस्नेतले नेपाली चलचित्रलाई अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तरीय सामग्री उत्पादन, आधुनिक प्रविधिको प्रयोग तथा प्रभावकारी प्रवर्द्धन आवश्यक रहेको धारणा राखिन्। नेपाली चलचित्रको विश्वव्यापी पहुँच विस्तारका लागि सरकार, बोर्ड र निजी क्षेत्रबीच अझ सुदृढ सहकार्य आवश्यक रहेको उनको भनाइ थियो।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसीले नयाँ चलचित्र विधेयक निर्माणको चरणमा रहेकाले सम्पूर्ण सरोकारवालाले सक्रिय रूपमा सुझाव दिनुपर्ने आवश्यकता औंल्याए। चलचित्र क्षेत्रको अनुभव र व्यावहारिक पक्ष समेटिएको ऐनले मात्र उद्योगलाई दीर्घकालीन रूपमा लाभ पुर्‍याउने विश्वास व्यक्त गर्दै उनले सबै क्षेत्रबाट रचनात्मक सुझावको अपेक्षा रहेको बताए।

अध्यक्ष डीसीले वरिष्ठ चलचित्रकर्मीको सामाजिक सुरक्षालाई प्राथमिकतामा राख्दै स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए। आगामी आर्थिक वर्षका लागि चलचित्र विकास बोर्डको बजेट पनि चलचित्र उद्योगमैत्री र प्रभावकारी रूपमा आउने विश्वास व्यक्त गर्दै उनले बोर्डले चलचित्र क्षेत्रको संस्थागत विकास, प्रविधि विस्तार तथा अन्तरराष्ट्रिय पहुँच बढाउन थप कार्यक्रम अघि बढाउने बताए।

## रंगशाला




# ब्राजिल, पाराग्वे र मोरक्को अन्तिम १६ मा

## जापान, जर्मनी र नेदरल्याण्ड्स बाहिरिए

■ प्रभाव संवाददाता



**काठमाडौं–** जारी विश्वकपमा पूर्व विश्वविजेता जर्मनी अन्तिम ३२ बाटै बाहिरिएको छ। मंगलबार बिहानसम्म सम्पन्न ३ खेलमा ब्राजिल, पाराग्वे र मोरक्कोले जित हात पार्दै अन्तिम १६ मा प्रवेश गरेका छन् भने पूर्वविश्वविजेता जर्मनी भने बाहिरिएको छ। त्यस्तै एशियाली पावरहाउस जापान र बलियो नेदरल्याण्ड्स पनि विश्वकपबाट बाहिरिएका छन्।

मोरक्कोले नेदरल्यान्ड्सलाई पेनाल्टी सुटआउटमा पराजित गर्दै फिफा विश्वकप फुटबल २०२६ को अन्तिम १६ मा प्रवेश गरेको छ। मेक्सिकोको मोन्टेरे स्टेडियममा मंगलबार सम्पन्न खेलमा मोरक्कोले नेदरल्यान्डसलाई पेनाल्टी सुटआउटमा ३-२ गोलअन्तरले पराजित गर्दै विश्वकप फुटबलको अन्तिम १६ मा प्रवेश गरेको हो।

पराजयसँगै नेदरल्यान्ड्स विश्वकपबाट बाहिरिएको छ। पेनाल्टी सुटआउटमा नेदरल्यान्ड्सले सुरुआती गोल गर्दा मोरक्कोको प्रहार भने बाहिरिएको थियो। नेदरल्यान्ड्सको प्रहार असफल हुँदा मोरक्कोले गोल गर्‍यो। दुवै टोलीका एक प्रहार सफल भए र एक प्रहार विफल भए। अन्तिममा नेदरल्यान्ड्सको प्रहार मोरक्को गोलकिपरले बचाउँदा यता मोरक्कोले निर्णायक गोल गर्‍यो।

त्यसअघि खेलको निर्धारित ९० मिनेट र त्यसपछिको थप ३० मिनेटको अतिरिक्त समयममा दुवै टोलीले १-१ गोलको बराबरीमा खेलेपछि खेल पेनाल्टी सुटआउटमा गएको हो। पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलमा दुवै गोल खेलको दोस्रो हाफमा भएको थियो।

खेलको ७२औं मिनेटमा नेदरल्यान्ड्सले पहिलो अग्रता लिएको थियो। उसका लागि कोडी गाक्पोकोले गोल गरे। उनले क्राइसेन्सियो समरभिलको पासमा गोल गरेर खेलमा पहिलो अग्रता लिएका थिए। त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा मोरक्कोले बराबरी गोल फर्कायो। मोरक्कोका इसा डिओपले गोल गर्दै खेललाई एक-एक गोलको बराबरीमा ल्याए। उनले चेम्सडाइन ताल्बीको पासमा गोल गरेका हुन्। नेदरल्यान्ड्स जित नजिक पुगेका बेला मोरक्कोले बराबरी गोल फर्काएपछि खेल निकै रोमाञ्चक बनेको थियो।

**जर्मनी बाहिरियो**

त्यसअघि बिहान अमेरिकाको बोस्टन स्टेडियममा सम्पन्न खेलमा दक्षिण अमेरिकी राष्ट्र पाराग्वेले जर्मनीलाई सडनडेथमा ४-३ ले पराजित गर्दै अन्तिम १६ मा प्रवेश गरेको थियो। खेलको निर्धारित ९० मिनेट र त्यसपछिको थप ३० मिनेटको अतिरिक्त समयममा १-१ को बराबरीमा सकिएपछि खेल पेनाल्टी सुटआउटमा गएको थियो। जारी विश्वकप पेनाल्टी सुटआउटबाट निर्णय भएको यो पहिलो खेल हो।

**ब्राजिल अन्तिम १६ मा**

फिफा विश्वकप-२०२६ फुटबल प्रतियोगिताअन्तर्गत राउण्ड अफ ३२ को खेलमा ब्राजिलले जापानलाई पराजित गर्दै जित हासिल गरेको छ। अमेरिकाको ह्युस्टन खेल मैदानमा भएको खेलमा ब्राजिलले जापालाई २-१ गोलअन्तरले पराजित गर्दै विश्वकपको अन्तिम १६ मा प्रवेश गरेको हो।

पाँच पटकको विश्वकप विजेता ब्राजिल पहिलो हाफमा एक गोलले पछि परेको स्थितिलाई पुनरागमन गर्दै जित हासिल गरेको हो। जापानका काइसु सानोले खेलको २९औं मिनेटमा गोल गर्दै टोलिलाई पहिलो अग्रता दिलाए। त्यसपछि खेलको ५६औं मिनेटमा ब्राजिलका कासेमिरोले हेडमार्फत गोल गर्दै खेललाई एक-एक गोलको बराबरीमा ल्याए।

खेलको दोस्रो हाफको अतिरिक्त समयमा गाब्रीएल माटीनेलीले निर्णायक गोल गरेपछि जापानलाई २-१ ले पराजित गर्दै ब्राजिल विश्वकपको अन्तिम १६ मा प्रवेश गर्न सफल भएको हो।


**साउदीमा रोजगार** कम्पनी : PEPPER RIVER RESTAURANT CATERING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/११/१४ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/१५ LT. No. 339730 चलानी नं. ६०२५३००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | 1500 | ६०,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २४ गते (8th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. १६६५/०८०/८१

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

**साउदीमा रोजगार** कम्पनी : SAUDI ENVIRONMENTAL PRESERVATION COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८३/०३/१५ LT. No. 344107 चलानी नं. ६०२५७४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 18 | 0 | 1000 | ४०,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २४ गते (8th Jul. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


श्रम इजाजत नं. १८५/०५७/०५८

Kapeel Manpower Pvt. Ltd.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

**कुवेतमा रोजगार** कम्पनी : TRIPLE X GENERAL BUILDING CLEANING SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८२/११/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१६ LT. No. 318827 चलानी नं. ६०२३३०५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 5 | 0 | 90 | ४३,८८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २४ गते (8th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


श्रम इजाजत नं. 1543/078/079

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.No. Bina Gurung 9813850986
Neelam Ghimire 9814269669, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np

**साउदीमा रोजगार** कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/११/१० पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/१६ LT. No. 339350 चलानी नं. ६०२५२७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing & PackagiNg WORKER | 7 | 0 | 1000 | ४०,२४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALFALAK HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/११/१० पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/१६ LT. No. 339349 चलानी नं. ६०२५२७७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Load And Unload | 2 | 0 | 1000 | ४०,२४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SALEH ABULLAH SALEH OTHAIM INVESTMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/१५ LT. No. 344161 चलानी नं. ६०२५७४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 5 | 0 | 1500 | ६०,३६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २४ गते (8th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

श्रम इजाजत नं. १३०५/०७४/०७५

**ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!**
**शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: SINOPEC NANJING ENGINEERING & CONSTRUCTION INC
कम्पनी : सिनोपेक नानजिङ इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन इंक

Pre Approval Date : 2026-05-25 / पूर्व स्वीकृति मिति : २०८२/०२/११ | Re-advertisement approval date: 2083/03/15 / पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/१५ | LT. No. 342587 / एल टि न. ३४२५८७ | Invoice No. 60255974 / चलानी नं. ६०२५५९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 50 | 0 | 1000 | ४०,९५२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Drilling Operator | 50 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 3. | Scaffolder | 50 | 0 | 1500 | ६१,४२८ | | | | | | | |

The final interview will be conducted in the office on Universal Technical Institute and Orientation Center (Maharajgunj, Kathmandu) on 12th, 13th, 14th, 15th, 16th, 17th July 2026
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : युनिभर्सल टेक्निकल इन्स्टिच्युट एण्ड ओरिएन्टेशन सेन्टर (महाराजगन्ज, काठमाडौंमा मिति: २०८३ असार २८, २९, ३०, ३१, ३२ र साउन १ गते हुनेछ।

नोट : यो लट नं. ३४२५८७ को Sinopec Nanjing Engineering & Construction Inc कम्पनीको विज्ञापन मिति २०८३ असार १६ गते प्रकाशन भइसकेकोमा त्यसलाई पुन: सच्याई परिमार्जन गरेर आज मिति २०८३ असार १७ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

नोट: यस फ्रि-भिषा अन्तर्गत कार्पेन्टर, मेशन, स्टील फिक्सर, पाइप फिटर, रिगरको पनि माग भएको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला।
Free Visa vacancies available for Carpenter, Mason, Steel Fixer, Pipe Fitter, and Rigger; interested candidates are requested to contact us.

नोट: आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सम्बन्धित संस्थामा आवेदन दिन आमन्त्रित गरिएको छ। आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्ने छैन।
Note: Applicants are invited to apply directly to the respective institutions without the use of any intermediaries. The applicant or the applicant's family members will not have to pay any fees for this admission process.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० /- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५००/- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer

सेवा शुल्क कसले ब्यहोर्ने who will bear the Service Fee

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तैः पर्चा, ब्यानर फ्लेक्स आदि पूर्णरुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

श्रम इजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542,
Shiva Subedi (986-9422479), Rajiv Khanal (9851330191), Office Staff (9705231992)
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

# इरानद्वारा अमेरिकासँगको आगामी प्रत्यक्ष वार्ता अस्वीकार

## सम्झौता कार्यान्वयनका लागि विशेषज्ञ प्रतिनिधिमण्डल पठाउने

**तेहरान–** इरानले संयुक्त राज्य अमेरिकासँगका आगामी प्रत्यक्ष वार्ताको रिपोर्टलाई अस्वीकार गरेको छ । आउँदो दिनमा कुनै पनि स्तरमा दुई राष्ट्रबीच कुनै वार्ता नहुने पुष्टि गर्दै इरानी प्रतिनिधिमण्डल सम्झौताको अनुगमन गर्न दोहा जाने जनाइएको छ ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले तेहरानले नयाँ राजनीतिक वार्ता सुरु गर्नुको सट्टा विद्यमान एमओयूको प्राविधिक कार्यान्वयनलाई कडाइका साथ प्राथमिकता दिएको स्पष्ट पारेको तसनीम समाचार एजेन्सीले जनाएको छ । इरान सम्झौता कार्यन्वयनमा प्रतिबद्ध रहेको विषयमा जोड दिँदै बाघाईले इरानको एक विशेषज्ञ प्रतिनिधिमण्डल यस हप्ता कतारको दोहामा पठाइने घोषणा गरेका छन् ।



सम्झौताअनुरूप अमेरिकाले इरानी तेल बिक्रीलाई सहज बनाउन आवश्यक अनुमतिहरू जारी गरिसकेको पुष्टि गर्दै बाघाईले इरानले सम्झौताको अनुच्छेद-११ मा ध्यान केन्द्रित गरी ती अनुमतिहरूको व्यावहारिक कार्यान्वयनलाई पछ्याइरहेको बताएका छन् । जसले इरानको वित्तीय सम्पत्तिहरूको व्यवस्थापन र नियन्त्रण गर्दछ ।

अमेरिकी प्रतिनिधिहरूद्वारा कतारको भ्रमण इरानी प्रतिनिधिमण्डलको कार्यभारसँग पूर्णरूपमा 'असम्बन्धित' भएको भन्दै बाघाईले यो समयमा थप कूटनीतिक कार्यक्रमहरू गर्नेबारे भएको अनुमानलाई अस्वीकार गरे ।

तास्निम समाचार एजेन्सीका अनुसार अन्तिम सम्झौतामा वार्ताको सम्भावित सक्रियताको बारेमा सोधिएको प्रश्नमा बाघाईले प्रक्रिया अझै सुरु नभएको उल्लेख गर्दै अहिलेसम्म अन्तिम सम्झौताका लागि वार्ताको चरणमा प्रवेश नगरेको बताएका छन् ।

उनले सहमतिअन्तर्गत अन्तिम सम्झौताका लागि औपचारिक वार्ता गर्दा विशेषगरी धारा १, ४, ५, १० र ११ को सफल पहल र दिगो कार्यान्वयन आवश्यक रहेको कुरामा जोड दिएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार कतारको दोहामा मंगलबार इरानसँग उच्चस्तरीय कूटनीतिक वार्ता हुने घोषणा गरेपछि अमेरिकी विशेष दूत स्टिभ विटकोफ कतारको दोहा जाँदै गर्दा उनको यस्तो टिप्पणी आएको हो । दुई अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै सिएनएनले विटकोफ हाल कतारको राजधानीको यात्रामा रहेको बताएका थिए । *रासस⁄एएनआई*

# भेनेजुएलामा भूकम्पका कारण ५८ हजारभन्दा बढी भवन क्षतिग्रस्त



**वासिङ्टन–** अमेरिकी अन्तरिक्ष एजेन्सी नासाद्वारा प्रकाशित उपग्रह तथ्यांकको प्रारम्भिक मूल्यांकनअनुसार गत हप्ता भेनेजुएलामा आएका शक्तिशाली दुईवटा भूकम्पका कारण ५८ हजारभन्दा बढी भवन क्षतिग्रस्त भएको उल्लेख गरिएको छ ।

भेनेजुएलामा गत हप्ता ७.२ र ७.५ म्याग्निच्युडको भूकम्पमा परी एक हजार ७०० जनाको मृत्यु भएको पुष्टि हुनुका साथै हजारौं अझै बेपत्ता भएको बताइएको छ । ओरेगन स्टेट युनिभर्सिटीका अनुसन्धानकर्ता कोरी शेर र जामोन भान डेन होकका अनुसार भूकम्पको भोलिपल्ट जुन २५ मा संकलन गरिएको उपग्रह राडार तथ्यांकको आधारमा प्रभावित क्षेत्रमा लगभग ५८ हजार ८७० वटा भवन क्षतिग्रस्त भएको जनाइएको हो ।

युरोपेली अन्तरिक्ष एजेन्सीको 'उच्च-रिजोल्युसन राडार इमेजरी उपग्रह सेन्टिनेल-१' बाट तथ्यांक उद्धृत गरिरहेको जनाइएको छ । यो प्रारम्भिक तथांक द्रुत मूल्यांकनले क्षतिसँग मिल्दोजुल्दो अवस्थालाई प्रतिविम्बित गर्ने अनुसन्धानकर्ताहरूले जनाएका छन् उनीहरूका अनुसार यो तथ्यांक प्रमाणित हुने प्रक्रिया अझै बाँकी नै छ ।

नासाले उपग्रहहरूले जमिनमा रहेका उद्धार टोलीहरूलाई प्रभावहरूको मूल्यांकन गर्न र प्रतिक्रिया प्रयासहरूलाई मार्गदर्शन गर्न मद्दत गर्नका लागि महत्त्वपूर्ण तथ्यांक उपलब्ध गराएको जनाएको छ । *रासस⁄एएफपी*

# मध्यपूर्व युद्धविरामपछि श्रीलंकामा इन्धनको मूल्यमा गिरावट




**कोलम्बो–** मध्यपूर्व युद्धविराम पछि श्रीलंकाले मंगलबार इन्धनको मूल्यमा छ प्रतिशतसम्म कटौती गरेको जनाइएको छ । श्रीलंकाको पेट्रोलियम कर्पोरेसनले डिजेल २५ रूपैयाँ प्रतिलिटर घटाएर ३८२ रूपैयाँ र पेट्रोल २० रूपैयाँ घटाएर ४१४ रूपैयाँ कायम गरेको बताएको छ ।

अमेरिका र इरानले आफूहरूबीच द्वन्द्व अन्त्य गर्न वार्ता गर्ने सहमति भएपछि अन्तर्राष्ट्रिय ऊर्जाको मूल्यमा आएको तीव्र गिरावटसँगै श्रीलंकामा पनि ऊर्जाको मूल्यमा कटौती गरिएको जनाइएको छ ।

गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि श्रीलंकाले पेट्रोल र डिजेलको मूल्य करिब ५० प्रतिशतले बढाएको थियो । द्वन्द्वको समयमा उच्च आयात र लागतबीच सन्तुलन कायम गर्न श्रीलंकामा बिजुलीको शुल्क पनि एकतिहाइले वृद्धि गरिएको अधिकारीहरूले बताएका थिए ।

श्रीलंकाले आवश्यक सबै तेल खरिद गर्ने र बिजुली उत्पादनका लागि आयातीत कोइलामा पनि निर्भर रहने अवस्था रहेकाले मध्यपूर्वमा जारी लामो द्वन्द्वले कमजोर आर्थिक अवस्थालाई प्रभावित पार्न सक्ने चेतावनी दिइएको थियो । *रासस⁄एएफपी*

# मलेसियामा फिफा विश्वकप सट्टेबाजीमा संलग्न ३३१ जना पक्राउ

**कोलालम्पुर–** फिफा विश्व कप सन् २०२६ सँग सम्बन्धित अवैध खेलकुद सट्टेबाजी र अनलाइन जुवा गतिविधिहरूलाई लक्षित गरी सुरु गरिएको राष्ट्रव्यापी अपरेसनमा ३३१ जनालाई पक्राउ गरिएको मलेसियन अधिकारीहरूले घोषणा गरेका छन् ।

उनीहरूको बीचबाट लगभग ३५ हजार अमेरिकी डलर नगद जफत गरिएको तथा छ लाख ४० हजार अमेरिकी डलरभन्दा बढीको सट्टेबाजी लेनदेनको पर्दाफास भएको बुकिट अमन आपराधिक अनुसन्धान विभागका निर्देशक एम कुमार एस मुथुवेलुले विज्ञप्तिमार्फत जनाएका छन् ।

मलेसियन कम्युनिकेसन एण्ड मल्टिमेडिया कमिसन (एमसिएमसी) को सहकार्यमा गत जुन ११ मा सुरु भइ जुलाई १९ सम्म जारी रहने अपरेसनले देशव्यापीरूपमा २९३ वटा छापा मारी वेबसाइट र सामाजिक सञ्जालमार्फत जुवासम्बन्धी विज्ञापन र प्रचार गतिविधिहरूको निगरानी गरिएको उनले बताएका छन् ।

उनका अनुसार अधिकारीहरूले १८५ वटा वेबसाइट, विभिन्न अनलाइन प्लेटफर्म र सामाजिक सञ्जालका खाताहरू फुटबल सट्टेबाजी र जुवा प्रचारका लागि प्रयोग भइरहेको पहिचान गरेको उल्लेख गरेका छन् । *रासस⁄सिन्ह्वा*


## धितो लिलामी गर्ने बारे ७ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८३/०३/१७ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले पोखरा शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा तरताकेता साथै मिति २०८१/०२/२७ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना तथा मिति २०८१/०५/१९ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम गर्ने बारे ३५ दिने सूचना, २०८३/०१/२३ गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम गर्ने बारे १५ दिने सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धी ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ती यस बैंक आफैले गैह्र बैकिङ्ग सम्पत्तीको रुपमा सकार गरी लिने व्यहोरा समेत सम्बन्धीत सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धीत ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : : प्राइम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना : पोखरा- ४, कास्की ।**
**हालको ठेगाना : पोखरा-४, कास्की ।** **दर्ता नं: ६५९/०६६/६७**

| कर्जा उपभोग गर्दाको संचालक तथा जमानीकर्ताको विवरण | |
|---|---|
| **१) नाम : निदेश प्रसाद कोइराला (पूर्व अध्यक्ष तथा जमानीकर्ता)**<br>बुवा : भूवनेश्वर कोइराला<br>बाजे : दुर्गादत्त कोइराला<br>ना प्र नं. : २३९२<br>ठेगाना : पोखरा-४, कास्की | **९) नाम : दिपा कोइराला (उपाध्यक्ष)**<br>बाबु : डिल्ली नाथ कोइराला<br>बाजे : दुर्गा प्रसाद कोइराला<br>ना.प्र.नं : ३७५६८<br>ठेगाना : पोखरा-४, कास्की |
| **२) नाम : शंकर कार्की (पूर्व उपाध्यक्षतथा जमानीकर्ता, वर्तमान, अध्यक्ष)**<br>बुवा : बलराम कार्की<br>बाजे : रत्न बहादुर कार्की<br>ना.प्र.नं : ९९५१०<br>ठेगाना : पोखरा-१४, कास्की | **१०) नाम : ओम प्रकाश उपाध्याय (सचिव)**<br>बाबु: बालकृष्ण उपाध्याय<br>बाजे : यज्ञपति उपाध्याय<br>ना.प्र.नं : ६८८१<br>ठेगाना : वाग्लुङ-१, वाग्लुङ |
| **३) नाम : सुरेन्द्रमणी पौडेल (पूर्व सचिव तथा जमानीकर्ता, वर्तमान प्रमुख कार्यकारी अधिकृत)**<br>बाबु : सूर्यमणी पौडेल<br>बाजे : देवी प्रसाद पौडेल<br>ना.प्र.नं: १४८९४१<br>ठेगाना : लेखनाथ-६, कास्क | **११) नाम : सन्दिप अर्याल (कोषाध्यक्ष)**<br>बाबु : देवी नारायण अर्याल<br>बाजे : यदुनाथ अर्याल<br>ना.प्र.नं : ७३१७१<br>ठेगाना : पुतलीबजार-१०, स्याङजा |
| **४) नाम : कुलदिप भट्टराई (पूर्व कोषाध्यक्ष तथा जमानिकर्ता)**<br>बाबु : नवराज भट्टराई<br>बाजे : बलभद्र भट्टराई<br>ना.प्र.नं : ४६-०२-००५८९<br>ठेगाना : लेखनाथ-१२, कास्की | **१२) नाम : रामजी घजु (संचालक सदस्य)**<br>बाबु : कृष्ण बहादुर घजु<br>बाजे : पृथ्वी बहादुर घजु<br>ना.प्र.नं : २६७३ भक्तपुर<br>ठेगाना : पोखरा लेखनाथ-४, कास्की |
| **५) नाम : सीता कुमारी गुरुङ (पूर्व संचालक तथा जमानीकर्ता)**<br>बाबु : रुप वहादुर गुरुङ<br>बाजे : टेक बहादुर गुरुङ<br>ना.प्र.नं : ६७४७<br>ठेगाना : भुकताडले-३, पर्वत | **१३) नाम : रोशन महर्जन (संचालक सदस्य)**<br>बाबु : ओम लाल महर्जन<br>बाजे : मिन बहादुर महर्जन<br>ना.प्र.नं : ८३३५२<br>ठेगाना : ठेचो-२, ललितपुर |
| **६) नाम : जीवन सार्की (पूर्व संचालक तथा जमानीकर्ता)**<br>बाबु : सोमलाल सार्की<br>बाजे : सहदेव सार्की<br>ना.प्र.नं : ४३८२४<br>ठेगाना : पोखरा-३, कास्की | **१४) नामः सन्तोष कुमार श्रेष्ठ (संचालक सदस्य)**<br>बाबु : भिमलाल श्रेष्ठ<br>बाजे : गणेशमान श्रेष्ठ<br>ना.प्र.नं : ३७७८६<br>ठेगाना : पोखरा-८, कास्की |
| **७) नाम : धन कुमारी गुरुङ (पूर्व संचालक तथा जमानीकर्ता)**<br>बाबु : गौ प्रसाद गुरुङ<br>बाजे : छाने गुरुङ<br>ना.प्र.नं: ३६३८<br>ठेगाना : भुकताडले-२, पर्वत | **१५) नाम : राज कुमार अर्याल (संचालक सदस्य)**<br>बाबु : शोभाकान्त अर्याल<br>बाजे : पदम पानी अर्याल<br>ना.प्र.नं : ७५७७८<br>ठेगाना : पुतलीबजार-१३, स्याङजा |
| **८) नाम : निरु थापा के.सी. (व्यवस्थापक तथा जमानीकर्ता)**<br>बाबु : सुव बहादुर थापा<br>बाजे : बुद्धि बहादुर थापा<br>ना.प्र.नं : १५५७४८<br>ठेगाना : काहुँ-९, कास्की | **१६) नाम : अनन्त नागिला (संचालक सदस्य)**<br>बाबु : चुडामणि नागिला<br>बाजे : उदय चन्द्र नागिला<br>ना.प्र.नं : ७३४००<br>ठेगाना : स्याम्घो-३, तनहूँ |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री देवी प्रसाद पौडेलको नाति श्री सूर्यमणी पौडेल को छोरा कास्की जिल्ला लेखनाथ न.पा नं. ०६ बस्ने श्री सुरेन्द्रमणी पौडेल को नाममा भूमि प्रशासन कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला अर्घौ गा.वि.स. वडा नं. २ को कित्ता नं. क्रमश २०२१, २०२२, ३१३०, २०१९, २०२४ र १५९१ को क्षेत्रफल क्रमश १५२६.२२, १५२६.२२, २५५३.६४, १५२६.२२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री देवी प्रसाद पौडेल को नाति श्री सूर्यमणी पौडेलको छोरा कास्की जिल्ला लेखनाथ न.पा नं. ०६ बस्ने श्री सुरेन्द्रमणी पौडेल को नाममा भूमि प्रशासन कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ४ को कित्ता नं. क्रमश १८५ र २०१ को क्षेत्रफल क्रमश २१३.२० र २४१.२० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३. श्री प्रेम बहादुर को छोरा बुहारी श्री नृपेन्द्र कुमार श्रेष्ठ को पत्नि कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १ बस्ने श्री विमला श्रेष्ठ को नाममा भूमि प्रशासन कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स. वडा नं. ५ को कित्ता नं. ४९४ को क्षेत्रफल ९१०.१० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

४. सहकारी विभाग, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की पोखरामा मिति २०६६/१०/२८ दर्ता नं. ६५९/०६६/६७ रजिष्टर्ड ठेगाना पोखरा-४, कास्की भएको श्री प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि. को नाममा भूमि प्रशासन कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला शिशुवा गा.वि.स. वडा नं. १ को कित्ता नं. १२४९५ को क्षेत्रफल ३९५२.६० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

५. सहकारी विभाग, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की पोखरामा मिति २०६६/१०/२८ दर्ता नं. ६५९/०६६/६७ रजिष्टर्ड ठेगाना पोखरा-४, कास्की भएको श्री प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि. को नाममा भूमि प्रशासन कार्यालय गोरखा मा दर्ता श्रेस्ता कायम रहेको गोरखा जिल्ला च्याङली गा.वि.स. वडा नं. ७ को कित्ता नं. क्रमश ९३०, ९२९, १००८, ११२४, १५०९, १९३७, १९३८, १३६१ र १३६२ को क्षेत्रफल क्रमश ३२२९.३१, ३७४९.९७, १९९५.२१, ८६८.३७, ९२५.९९, ११४४.६६, ५९७७.७०, १५२६.२२ र १६०५.७० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

६. श्री भुवनेश्वर कोइराला को बुहारी श्री निदेश प्रसाद कोइराला को श्रीमती कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ०४ बस्ने श्री विजया कोइराला को नाममा भूमि प्रशासन कार्यालय सुनसरी, इनरुवामा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला इटहरी उ.प.न.पा. वडा नं. ४ को कित्ता नं. १७२९ को क्षेत्रफल २३७.०१ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

७. श्री दुर्ग बहादुर के.सी. को नाती श्री कर्ण बहादुर के.सी. को छोरा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.२१ बस्ने श्री विकास बहादुर के.सी.को नाममा भूमि प्रशासन कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला बछ्यौली गा.वि.स. वडा नं. ८ को कित्ता नं. १७४ र ९५२ को क्षेत्रफल कमश :३०४.७४ र ३३.८६ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

८. श्री देवीप्रसादको नाति श्री सूर्यमणी पौडेल को छोरा कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ०६ बस्ने श्री सुरेन्द्रमणी पौडेल को नाममा भूमि प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला गैडाकोट गा.वि.स. वडा नं. ०९ को कित्ता नं. क्रमश २७२८ को क्षेत्रफल ३२७.८४ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौंमा रहेको **खाता नं. ००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै पोखरा शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणी, धितोधनीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय पोखरा वा केन्द्रिय कार्यालयमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि, ऋणी र धितोधनीहरुको रोहवरमा खोलिने छ । उक्त समयमा सम्बन्धीत ऋणी तथा धितोधनीलाई समेत उपस्थीतीको लागि जानकारी गराईन्छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति, नीजको प्रतिनिधि, ऋणी तथा धितोधनी बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) सुरक्षणमा रहेको धितोहरु आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।

(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National Co-operative Bank Limited (NCBL) | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
केन्द्रीय कार्यालय : पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web.: www. ncbl.coop

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २७७९०० | प्रति तोला – ० | प्रति तोला – ४२८५ |

## 'सरकारले उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्छ'




■ प्रभाव संवाददाता

**नारायणगढ–** बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले वास्तविक रूपमा श्रम र उत्पादनमा जोडिने सहकारीहरूलाई विशेष प्राथमिकताका साथ प्रोत्साहन गर्ने बताएका छन् । चितवनको भरतपुर महानगरपालिका-२९ भतेरीस्थित सफल सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेडद्वारा मंगलबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले प्रदेश सरकारले रैथाने बाली तथा अदुवा, लसुन, बेसार र प्याजजस्ता विधामा उत्पादनमा आधारित अनुदानको व्यवस्था गरेको जानकारी दिए ।

मुख्यमन्त्री बानियाँले भने, 'अहिलेको बजेटमा हामीले एक पालिका, एक रैथाने उत्पादन, एक संकलन केन्द्र नीति अघि सारेका छौं । सोहीअनुरूप प्रशोधन, ब्रान्डिङ र बजारीकरण गर्ने पालिकालाई प्रदेश सरकारले विशेष अनुदान दिँदैछ ।'

महिला दिदीबहिनीहरू आफैं अग्रसर भएर बिचौलियाको प्रभावविहीन सिधैं किसानबाट उत्पादित ६५ टन बेसार संकलन, प्रशोधन र ब्रान्डिङ गरी बजारमा ल्याएकामा खुसी व्यक्त गर्दै उनले संस्थाको प्रगतिको उच्च सम्मान गरे । बजेट पारित भएलगत्तै साउनभित्रै प्रक्रिया अगाडि बढाई यस्ता उद्यमशील महिलाहरूद्वारा सञ्चालित उद्योगलाई थप अनुदान र प्राविधिक सहयोग उपलब्ध गराउने प्रतिबद्धता उनले व्यक्त गरे ।

केही सहकारीहरूमा सर्वसाधारणको रकम दुरूपयोग हुँदा समाजमा त्रास र अविश्वास बढेको तर्फ इङ्गित गर्दै उनले सफल सामाजिक उद्यमी महिला सहकारीजस्ता उत्पादन र विशुद्ध कर्ममा जोडिएका संस्थाहरूले नै सहकारी क्षेत्रको गरिमा जोगाउने दाबी गरे ।

कार्यक्रममा बागमती प्रदेशका सहकारी मन्त्री बिनु रायमाझीले किसान, सहकारी, विकास साझेदार र निजी क्षेत्रको संयुक्त उत्पादन 'चन्द्र सूर्य' बेसार एक उत्कृष्ट उदाहरण भएको बताइन् । स्थानीय उत्पादनको मूल्य एवं बजार पहुँचमा लगानी गरेर कृषि समुदायलाई दीर्घकालीन फाइदा पुऱ्याउने उद्यमहरू निर्माण गर्नुपर्नेमा उनले जोड दिइन् ।

हेफर नेपालका राष्ट्रिय निर्देशक डा. तीर्थराज रेग्मीले विशुद्ध किसानले बनाएको ब्रान्ड 'चन्द्र सूर्य' बेसारले यहाँका महिला किसान र सहकारी सदस्यहरूको नेतृत्व तथा उद्यमशीलताको भावनालाई उजागर गरेको बताए । उनले यहाँको अर्गानिक उत्पादनका कारण उपभोक्ताले शुद्ध बेसार सेवन गर्न पाउने बताउँदै किसानले आफैं खेती, संकलन, उत्पादन, ब्रान्डिङ र बजारीकरण गर्न पाउनु सुखद क्षण भएको उल्लेख गरे । हेफर लामो समयदेखि साना किसानसँग मिलेर समावेशी, उत्थानशील र दिगो खाद्य प्रणाली निर्माणका लागि काम गर्दै आएको बताउँदै उनले नेपालका चार लाखभन्दा बढी परिवारसँग सहकार्य गर्दै कृषिलाई दिगो आम्दानी, खाद्य सुरक्षा र समृद्धिको आधार बनाउन सहयोग गरिरहेको जानकारी दिए ।

## आर्थिक वृद्धि र स्थायित्वबीच सन्तुलित मौद्रिक नीतिमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर तथा कार्यवाहक गभर्नर किरण पण्डितले आगामी मौद्रिक नीतिले उच्च आर्थिक वृद्धिको सरकारी लक्ष्यलाई सहयोग गर्ने भए पनि आर्थिक स्थायित्व कायम राख्ने चुनौतीलाई समान रूपमा सम्बोधन गर्नुपर्ने बताएका छन् । आर्थिक पत्रकार समाज (सेजन) ले आयोजना गरेको 'आर्थिक वृद्धिलाई गति दिन मौद्रिक नीतिको भूमिका' विषयक कार्यक्रममा बोल्दै पण्डितले सरकारले वित्त नीति (बजेट) सार्वजनिक गरिसकेको अवस्थामा अहिले मौद्रिक नीति तर्जुमाको प्रक्रिया अघि बढिरहेको उल्लेख गरे ।

उनले यस्तो समयमा भइरहेका छलफलहरूले राष्ट्र बैंकलाई नीतिगत सुझाव प्राप्त हुने विश्वास व्यक्त गरे । उनले वित्त नीति र मौद्रिक नीतिबीच स्वाभाविक रूपमा अन्तरसम्बन्ध र कतिपय अवस्थामा द्वन्द्वसमेत देखिने भए पनि दुवै नीति समन्वयात्मक ढंगले अघि बढ्नुपर्ने बताएका छन् । उच्च आर्थिक वृद्धिको लक्ष्य प्राप्तिका लागि मौद्रिक नीतिले सहयोग गर्नुपर्ने भए पनि मुद्रास्फीति, वित्तीय स्थायित्व तथा अन्य आर्थिक सूचकहरूलाई वाञ्छित सीमाभित्र राख्ने दायित्व पनि उत्तिकै महत्वपूर्ण रहेको उनको भनाइ छ । पण्डितले राष्ट्र बैंकले आफ्ना लक्ष्य, मौद्रिक नीति सञ्चालनका आधार तथा संयन्त्रलाई ध्यानमा राखेर नीति निर्माण गर्ने स्पष्ट पारे ।

बजारमा मौद्रिक नीतिप्रति ठूलो अपेक्षा सिर्जना भएको उल्लेख गर्दै उनले ती अपेक्षालाई सावधानीपूर्वक व्यवस्थापन गर्नुपर्ने आवश्यकता औँल्याए। साथै, नियामकीय सुधार र मौद्रिक नीतिबीचको भिन्नतालाई स्पष्ट रूपमा बुझ्नुपर्नेमा पनि उनले जोड दिए ।



उनले बैंकिङ क्षेत्रसँग सम्बन्धित नीतिगत निर्णय र नियामकीय व्यवस्थाबारे स्पष्ट भाष्य निर्माण गर्नुपर्ने आवश्यकता रहेको बताए । कोभिड-१९ महामारीका क्रममा लागू गरिएका कर्जा पुनर्संरचना तथा सहुलियतपूर्ण व्यवस्थाले बैंकिङ प्रणाली र पुँजी निर्माणमा पारेको प्रभावबारे गम्भीर समीक्षा आवश्यक रहेको उनको भनाइ थियो ।

कार्यवाहक गभर्नर पण्डितले वित्तीय क्षेत्रमा तीव्र रूपमा विकसित भइरहेका डिजिटल चुनौतीहरूतर्फ पनि ध्यानाकर्षण गराए। फिनटेक, ओपन बैंकिङ, डिजिटल कारोबारको निगरानी तथा प्रविधिसम्बन्धी जोखिम व्यवस्थापनजस्ता विषयहरू अब मौद्रिक नीति र नियामकीय ढाँचाका महत्वपूर्ण एजेन्डा बनेको उनले बताए । यस्ता परिवर्तनलाई मध्यनजर गर्दै विषयगत समीक्षा र निरन्तर संवादको आवश्यकता रहेको उनको धारणा थियो । उनले नीति निर्माण तह र सर्वसाधारणबीच रहेको दूरी हटाउनुपर्नेमा पनि जोड दिए ।

विशेषगरी युवा, किसान तथा तल्लो तहका नागरिकका वास्तविक आवश्यकता र समस्या नीति निर्माण प्रक्रियासम्म पुग्न नसकेको उल्लेख गर्दै उनले यस खाडललाई कम गर्न सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुने बताए । उनका अनुसार यस्ता छलफलले नीति निर्माता र सरोकारवालाबीच संवाद विस्तार गर्दै व्यवहारिक नीतिगत सुधारका लागि उपयोगी सुझाव प्रदान गर्ने भएकाले यस्ता कार्यक्रमलाई निरन्तरता दिन आवश्यक छ ।

**कर्पोरेट**

## सिएफओ कन्फेरेन्स २०२६ सम्पन्न




**काठमाडौं (प्रस)–** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) ले आयोजना गरेको सिएफओ कन्फेरेन्स २०२६ सम्पन्न भएको छ । वित्तीय क्षेत्रमा कार्यरत प्रमुख बित्त अधिकृतहरूको उल्लेखनीय उपस्थिति रहेको सो कार्यक्रममा वित्तीय नेतृत्व र यसका विभिन्न आयामहरूका बारेमा चर्चा गरिएको थियो ।

'लिडिङ बियोण्ड फाइनान्स, सेपिङ द फ्युचर' थिमलाइन दिईएको सो कन्फेरेन्समा विभिन्न क्षेत्रका प्रमुख बित्त अधिकृत (ऋँइ), उद्योगी-व्यवसायी, नीतिनिर्माता, वित्त तथा व्यवस्थापन विज्ञ, चार्टर्ड एकाउन्टेन्ट र पेशागत प्रतिनिधिहरू सहभागी भएका थिए । कार्यक्रममा बदलिँदो आर्थिक परिवेशमा वित्तीय नेतृत्वको भूमिका, संस्थागत सुशासन, डिजिटल रूपान्तरण, जोखिम व्यवस्थापन, नवप्रवर्तन तथा दिगो व्यवसायिक विकासका विषयमा चर्चा गरिएको थियो ।

कन्फेरेन्समा सहभागी बक्ताहरूले भविष्यका चुनौती सामना गर्न वित्तीय नेतृत्वलाई तथ्यमा आधारित निर्णय गर्नुपर्ने, प्रविधिको प्रभावकारी प्रयोग गरिनुपर्ने र अन्तर्राष्ट्रिय अभ्याससँग तालमेल गरिनुपर्ने विभिन्न विषयमा प्रकाश पारेका थिए ।

कार्यक्रममा बोल्दै आइक्यानका अध्यक्ष सिए निल बहादुर सारुमगरले नेपालको आर्थिक समृद्धिमा सीएफओको रूपमा कार्यरत सिएहरूको भूमिका उल्लेखनीय रहेको बताए। सीएफओको भूमिकामा देशभरका विभिन्न संघ संस्थाहरूमा सिएहरूले सराहनीय काम गरेको बताउँदै उनले सिएफओका रूपमा कार्यरत चार्टर्ड एकाउन्टेन्टहरूको वृद्धि बिकासमा आइक्यानले गर्नुपर्ने हरेक खालका कार्यक्रमका लागि आइक्यान तयार रहेको बताए । कार्यक्रममा बोल्दै सिए रत्न राज बज्राचार्यले आफ्नो व्यवसायिक जीवनको अनुभवसमेत सुनाएका थिए । सिएफओका रूपमा कार्यरत सिएहरू निकै लगनशील रहेको उल्लेख गर्दै उनले बदलिँदो परिवेशसँगै सिएहरूले पनि आफुलाई थप परिस्कृत बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा बोल्दै नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोज कुमार ज्ञवालीले पछिल्ला दिनमा सीएफओहरूको भूमिकामा बृहत परिवर्तन आईसकेकाले सिएफओहरू प्राविधिक रूपमा सक्षम हुनुपर्नेमा जोड दिए । अवका दिनमा हरेक सीएफओहरूले आफुलाई संस्थाको सिइओ नै सम्झेर काम गर्नुपर्ने बताउँदै ज्ञवालीले सीएफओले लेखासँग सम्बन्धित कामहरूमा मात्र भन्दा पनि संस्थाको बृहत्तर बिकास र प्रगतिका लागि सोच्नुपर्ने बताए ।

## सिटिजन्स बैंक र जय नेपाल सिनेमाजबीच सम्झौता




**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक र जय नेपाल सिनेमाजबीच समझदारी भएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र जय नेपाल सिनेमाज दरबारमार्ग, काठमाडौंबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई सिनेमाको टिकेट खरिदमा छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

उक्त समझदारी पत्र अनुसार सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकहरूले जय नेपाल सिनेमाज हलमा मुभी टिकेट खरिदमा १० प्रतिशत सम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स् बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ । सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६९ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ४२ वटा शाखा रहित बैंकिङ ईकाइहरूबाट २० लाख ३९ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्दै आएको छ ।

## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक